# अन्तःशुल्क प्रशासन सम्बन्धी

# सामान्य जानकारी

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**लाजिम्पाट, काठमाडौं**

२०७७ भाद्र

## १. संक्षिप्त परिचयः

अन्तःशुल्क लगाउने कार्यको शुरुवात वि सं.१९१० को मुलुकी ऐन हुँदै वि. सं. २००८ मा नेपालको पहिलो बजेट सँगै आर्थिक ऐनद्वारा गरिएको हो । अन्तःशुल्क ऐन, २०१५ ले अन्तःशुल्क कानूनी आधारशीला निर्माण गरेको हो । अन्तःशुल्क ऐन, २०५८ तथा अन्त शुल्क नियमावली, २०५९ ले पुरानो अन्तःशुल्क ऐन र नियमलाई प्रतिस्थापन गर्दै स्वयं कर प्रणालीको व्यवस्था र प्राविधिक नियन्त्रणका पक्षहरुलाई समावेश गरी आर्थिक उदारीकरणले देखाएका मार्गहरुलाई अनुशरण गरेको देखिन्छ।

मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी वनाई राजस्व परिचालन बढाउन, नेपाल अधिराज्यमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असूल उपर गर्ने उद्धेश्यका साथ अन्तःशुल्क ऐन, २०५८ लागू गरिएको हो। यो ऐनमा हरेक वर्ष आर्थिक ऐनबाट समसामयिक संशोधन हुने गरेको छ ।

अन्तःशुल्क प्रशासन जनस्वास्थ्य, वातावरण र नियन्त्रणका दृष्टिले अत्यन्तै संवेदनशील हुने भएकोले यसको प्राविधिक, नियन्त्राणत्मक र नियन्त्रणकारी पक्षहरु सर्वाधिक महत्वपूर्ण मानिन्छ । अन्तः शुल्क ऐन, २०५८ ले अन्तःशुल्क निर्धारण र असूल गर्ने दायित्व उत्पादकको हुने र पैठारी हुने वस्तुको हकमा अन्तःशुल्क निर्धारण र असूली सम्बन्धीत भन्सार कार्यालयले नै गर्ने व्यवस्था गरेको छ।

अन्तःशुल्क ऐन, २०५८ ले नेपाल बाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसललाई मदिरा र चुरोट बाहेकका अन्य वस्तु विक्री गरेमा अन्तःशुल्क नलाग्ने व्यवस्था गरेको छ । साथै कुटनैतिक तथा महसूल सुविधा प्राप्त व्यक्ति वा निकायलाई विक्री गर्ने चुरोट तथा मदिरामा अन्तःशुल्क नलाग्ने कुरा पनि यो ऐनमा समेटिएको छ।

अन्तःशुल्क प्रशासनको प्रत्यक्ष रेखदेखमा रही उत्पादन गर्ने प्रणालीलाई भौतिक नियन्त्रण प्रणाली भनिन्छ । नेपालमा हाल मदिराजन्य वस्तुको उत्पादन भौतिक नियन्त्रण प्रणाली आधारित छ। अन्तःशुल्क ऐन, २०५८ ले भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादित वस्तु विक्रीको लागि निष्कासन गर्दाका बखत अन्तःशुल्क असूल उपर गर्ने व्यवस्था गरेको छ ।

स्वयम् निष्कासन प्रणालीमा आधारित वस्तुको हकमा, विजक जारी गर्दाका बखत र पैठारी हुने वस्तुको हकमा भन्सार बिन्दुमा अन्तःशुल्क असूली गर्ने व्यवस्था गरेको छ । अन्तःशुल्क प्रशासनको नियन्त्रण विना नै अन्तःशुल्क जन्य वस्तुका उत्पादन तथा निष्कासन गरिने प्रणाली स्वयम् निष्कासन प्रणाली हो । मदिरा बाहेकका सबै अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाहरु यसै प्रणाली अन्तर्गत प्रशासन हुने कानूनी व्यवस्था छ।

नेपाल भित्र उत्पादन हुने वस्तु तथा सेवाको हकमा उत्पादकले, पैठारी हुने वस्तुको हकमा पैठारी कर्ताले, लिलाम भएको वस्तुको लिलाम सकार्ने व्यक्तिले, अन्तःशुल्क लाग्ने वस्तु पुनः बिक्री बा प्रयोग गरेमा, पुनः विक्री वा प्रयोग गर्ने व्यक्तिले, कुनै वस्तु वा सेवाको अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा, त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्तिले अन्तःशुल्क बुझाउनु पर्ने गरी तोकिएको छ।

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको मूल्य निर्धारण उत्पादकले कारखाना मूल्यको आधारमा, सेवाको हकमा सेवा विक्री गर्दाको मूल्यमा वा उत्पादन लागतको आधारमा तथा पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु भन्सार महसूल लिने प्रयोजनको निमित्त निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा अन्तःशुल्क लगाईने व्यवस्था गरेको छ ।अन्तःशुल्क दरवन्दी ऐनको दफा ३ सँग सम्वन्धित अनूसुचीमा उल्लेख गरिएको छ ।

अन्तःशुल्क ऐन, २०५८ ले नेपाल बाहिर निकासी गरेमा वा कूटनैतीक तथा महसूल सुविधा प्राप्त व्यक्ति वा निकायलाई विक्री गर्ने चुरोट तथा मदिरामा अन्तःशुल्क छुट दिने व्यवस्था पनि गरेको छ। अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, विक्री वितरण वा सञ्चय गर्ने वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्तिले अन्तःशुल्क इजाजत प्राप्त गरी मात्र कारोबार सञ्चालन गर्नु पर्ने व्यवस्था गरेको छ । मदिरा ऐन, २०३१ ले पनि इजाजत वेगर र इजाजत पाएको व्यक्तिले पनि इजाजतपत्रमा तोकिएको शर्त वमोजिम मदिरा उत्पादन, निकासी, पैठारी, सञ्चय र वेचबिखन गर्न पाउने व्यवस्था गरेको छ।

अन्तःशुल्क ऐन, २०५८ ले मदिराजन्य पदार्थ वा वस्तु उत्पादन भौतिक नियन्त्रण प्रणाली अन्तर्गत राखी यसमा सरकारको प्रत्यक्ष अनुगमन तथा नियन्त्रण गर्ने व्यवस्था गरेको छ। यी बाहेकका अन्तःशुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन, निस्कासन, पैठारी तथा निकासी स्वयं निस्कासन प्रणाली अन्तर्गत हुने व्यवस्था गरिएको छ ।

नेपाल भित्र उत्पादन हुने वा पैठारी हुने मदिराको प्रत्येक बोतलमा, चुरोटको प्रत्येक बट्टा तथा सुर्तिजन्य पदार्थको वाहिरी आउटर वा पोकामा आन्तरिक राजस्व विभागवाट प्रदान गरिएको अन्तःशुल्क टिकट (स्टिकर) लगाई बिक्री गर्ने व्यवस्था गरिएको छ।

अन्तःशुल्क ऐन, २०५८ अनुसार अन्तःशुल्क निर्धारण र असूल गर्नुपर्ने दायित्व भएको व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण सो महिना समाप्त भएको पच्चीस दिन भित्र पेश गर्नु पर्छ। अन्तःशुल्क विवरण पेश गर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरिद खपत, अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने लेखा राखुको साथै खरिद खाता, विक्री खाता, उत्पादन निस्कासन र मौज्दात खाता समेत प्रमाणित गराई राखु पर्दछ । यस्तो अभिलेख कम्प्यूटरबाट पनि राख्न सकिने र अन्तःशुल्क विवरण विद्युतीय माध्यमबाट पनि भर्न सकिने व्यवस्था गरिएको छ ।अन्तःशुल्क पूर्ण रुपले स्वयं कर निर्धारण पद्धति अवलम्बन गरिएको छ । तर म्याद भित्र विवरण पेश नगरेमा अपूरो त्रुटिपूर्ण, झुठा विवरण पेश गरेमा वा तिर्नु पर्ने अन्तःशुल्क रकम कम देखाएमा, बिक्री मूल्यमा न्यूनविजकीकरण गरेमा, तोकिएको प्रतिलब्धि दर अनुसार उत्पादन प्रतिलब्धि नपुगेमा, मदिराको चुलाइमा अल्कोहलको मात्र एक प्रतिशत भन्दा बढि फरक परेमा, अन्त शुल्क छलेमा तथा इजाजत पत्र नलिई कारोबार गरेमा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क ऐन अनुसार अन्तःशुल्क निर्धारण गर्न पाउने व्यवस्था गरिएको छ।

अन्तःशुल्क ऐन, २०५८ ले अन्त शुल्क लाग्ने बस्तुको उत्पादनको प्रतिलब्धि दर तोक्ने व्यवस्था गरेको छ । यस अन्तर्गत तयारी मदिराको लागि आवश्यक पर्ने इथानोल स्प्रिट मोलासेस, खुदो आदिबाट प्राप्त हुनु पर्ने इथानोल स्प्रिट वा ई.एन.ए. को उत्पादन प्रतिलब्धि दरको निर्धारण समेत गरेको छ ।

आगजनी, चोरी, दुर्घटना, ध्वसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएमा तिरेको अन्तःशुल्क कट्टी गर्न पाउने व्यवस्थाहरु पनि समावेश गरिएको छ ।

अन्तःशुल्क विवरण नबुझाएमा, इजाजतपत्र नवीकरण नगरेमा, इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु तथा सेवा विक्री वितरण गरेमा, लेखा अध्यावधिक नगरेमा, प्रतिलब्धि नपुगेमा, अन्तःशुल्क ऐन, नियममा भएका व्यवस्था उल्लघन गरेमा कसूरको मात्रा हेरी जरिवाना हुने व्यवस्था राखिएको छ । अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा विगो जफत गरी विगोको दुईसय प्रतिशत जरिवाना वा एक लाख रुपैंया मध्ये जुन वढी हुन्छ सो जरिवाना वा एक बर्ष सम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

अन्तःशुल्क छलि गर्ने व्यक्तिलाई अन्तःशुल्क अधिकृतले खानतलासी लिने, कब्जा गर्ने र गिरफ्तार सम्म गर्न सक्ने कानूनी अधिकार अन्तःशुल्क ऐनले प्रदान गरेको देखिन्छ । अन्तःशुल्क ऐन विपरीत कुनै कार्य हुन लागेको सूचना कसैले दिएमा, सुराकीको सूचना दिने सूराकीलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि

बमोजिम महानिर्देशक वा कार्यविधिमा तोकिएको अधिकारीले तत्काल दश हजार रुपैयासम्म सुराकी खर्च दिन सक्नेछ । दश हजार रुपैंया सम्म सुराकी खर्च दिन सक्ने र सो सूचनाबाट असूल भएको अन्तःशुल्क रकमको दश देखि तीस प्रतिशत सम्मको रकम सूचना दिने व्यक्तिलाई पुरस्कार दिने व्यवस्था समेत राखिएको छ ।

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क रकम समयमा दाखिला नगर्नेलाई बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतको दरले विलम्ब शुल्क लाग्ने व्यवस्था गरेको छ। अन्तःशुल्क रकम बाँकी राखेमा सम्पत्ति रोक्का र लिलामी गर्ने, किस्ताबन्दीमा अन्त शुल्क बनाउन पाउने तथा अन्तःशुल्क अधिकृतलाई अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। अन्तःशुल्क अधिकृत र अधिकार क्षेत्र तोक्ने विषयलाई पनि ऐनमै समेटिएको छ ।

अन्तःशुल्क ऐन, २०५८ ले प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरेको छ । यस अन्तर्गत अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गरेको तथा असूलीको लागि गरेको कारवाहीमा चित्त नबुझाउने करदाताले निर्धारित अन्तःशुल्क रकम मध्ये विवादरहित अन्तः शुल्क र जरिवानाको सम्पूर्ण रकम तथा विवादित अन्तःशुल्क र जरिवानाको एक चौथाई रकम बुझाइ प्रशासकीय पुनरावलोकनको लागि बिभाग समक्ष निवेदन गर्न सक्ने व्यवस्था छ। अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर राजश्व न्यायाधीकरणमा पुनरावेदन गर्न पाउने व्यवस्था छ । विभागले प्रशासकीय पुनरावलोकनको निवेदन परेको साठी दिन भित्र निर्णय नदिएमा वा बिभागले दिएको निर्णयमा चित्त नबुझेमा राजश्व न्यायाधिकरणमा पुनरावेदन जान पाउने व्यवस्थालाई सुरक्षित गरिएको छ। अन्तःशुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने र अन्य कुनै ऐनले यस ऐनको व्यवस्थामा संशोधन वा परिवर्तन गर्न नसक्ने गरी ऐनको श्रेष्ठता कायम गरिएको छ।

**२. अन्तःशुल्क प्रशासन हेर्ने निकायहरु** :

अन्तःशुल्क सम्बन्धी प्रशासन आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, मध्यमस्तरिय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरु तथा उल्लेखित कार्यालयहरु नरहेका जिल्लाहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले गर्दछन् ।

**३. अन्तः शुल्क सम्बन्धी प्रशासन निम्न ऐन, नियम, निर्देशिका तथा कार्यविधीवाट संचालन हुँदै आएको छ ।**

» अन्तःशुल्क ऐन, २०५८
» मदिरा ऐन, २०३१
» अन्तःशुल्क नियमावली, २०५९ मंदिरा नियमहरु, २०३३
» अन्तःशुल्क निर्देशिका, २०६८
»सूर्तीजन्य पदार्थ (चुरोट बिँडी बाहेक) मा अन्तःशुल्क टिकट टाँस गर्ने सम्बन्धी कार्यविधी, २०७०
»साल वसाली आर्थिक ऐनहरु ।

**४._अन्तःशुल्क अधिकृत र कार्यक्षेत्रः**

नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागको उप-महानिर्देशक, निर्देशक वा सो विभागमा कार्यरत नेपाल सरकारका अन्य अधिकृत, ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत तथा कर अधिकृत र उपर्युक्त पदाधिकारी नभएको जिल्लामा प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई अन्तःशुल्क अधिकृत तोकेको छ ।

नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी देहायका कार्यालयमा कार्यरत अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र देहायबमोजिम तोकेको छः-

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| १ | ठूला करदाता कार्यालय | नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारको आधारमा नेपाल राज्यभरी । |
| २ | मध्यमस्तरीय करदाता कार्यालय | नेपालसरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारको आधारमा नेपाल राज्यभरी । |
| ३ | आन्तरिक राजस्व कार्यालय टंगाल | का.म.पा.को वडा नं. २, ४ र ५। |
| ४ | आन्तरिक राजस्व कार्यालय महाराजगञ्ज | का.म.पा. को वडा नं. ३ र २६, टोखा नगरपालिका वडा नं. १ देखि ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं. १ देखि ७ सम्म। |
| ५ | आन्तरिक राजस्व कार्यालय बालाजु | का.म.पा.को वडा नं. १६, तारकेश्वर नगरपालिका, टोखा नगरपालिका वडा नं. ८ देखि ११ र रसुवा जिल्ला। |
| ६ | आन्तरिक राजस्व कार्यालय कलंकी | का.म.पा.को वडा नं. १५, नागार्जुन नगरपालिका, चन्द्रागिरी नगरपालिका, धादिङ र नुवाकोट जिल्ला। |
| ७ | आन्तरिक राजस्व कार्यालय कालीमाटी | का.म.पा.को वडा नं. १३,१४,दक्षिणकाली नगरपालिका र किर्तिपुर नगरपालिका। |
| ८ | आन्तरिक राजस्व कार्यालय पुतलीसडक | का.म.पा.वडा नं. १,२८ र २९। |
| ९ | आन्तरिक राजस्व कार्यालय बानेश्वर | का.म.पा.वडा नं. १० र ३१। |
| १० | आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली | का.म.पा. वडा नं. ८,९ र ३०। |
| ११ | आन्तरिक राजस्व कार्यालय चावहिल | का.म.पा. वडा नं. ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं. ८ देखि १३। |
| १२ | आन्तरिक राजस्व कार्यालय जोरपाटी | का.म.पा.को वडा नं. ६, गोकर्णेश्वर नगरपालिका, कागेश्वरी नगरपालिकाको वडा नं. १ देखि ६ र शंखरापुर नगरपालिका । |
| १३ | आन्तरिक राजस्व कार्यालय कोटेश्वर | का.म.पा.वडा नं. ३२ र कागेश्वरी मनहरा नगरपालिका वडा नं. ७ देखि ९। |
| १४ | आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर | का.म.पा.वडा नं. ११,१२, २० र २१। |
| १५ | आन्तरिक राजस्व कार्यालय नयासडक | का.म.पा. वडा नं. १९,२२, २३ र २४। |
| १६ | आन्तरिक राजस्व कार्यालय ठमेल | का.म.पा. वडा नं. १७, १८,२५ र २७ । |
| १७ | आन्तरिक राजस्व कार्यालय ललितपुर १ | ललितपुर महानगरपालिको वडा नं. १, २, ३, ४, ५, १०, ११, १३, १८, १९, २०, २१, २२ र २५। |
| १८ | आन्तरिक राजस्व कार्यालय ललितपुर २ | ललितपुर महानगरपालिकाको वडा नं. ६, ७, ८, ९, १२, १४, १५,१६, १७, २३, २४, २६, २७, २८ र २९तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम, बाग्मती र महांकाल गाउपालिका। |

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| १९ | आन्तरिक राजस्व कार्यालय भक्तपुर | भक्तपुर जिल्ला। |
| २० | आन्तरिक राजस्व कार्यालय भद्रपुर | ताप्लेजुङ, पाँचथर,इलाम र झापा जिल्लाको मेचीनगर नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, अर्जुनधारा नगरपालिका, विर्तामोड नगरपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका,बुद्धशान्ति गाउँपालिका,हल्दिवारी गाउँपालिका र केचनकवल गाउँपालिका। |
| २१ | आन्तरिक राजस्व कार्यालय दमक | झापा जिल्लाको दमक नगरपालिका, शिवशताक्षी नगरपालिका, गौरादह नगरपालिका, कमल गाउँपालिका र गौरीगंज गाउँपालिका। |
| २२ | आन्तरिक राजस्व कार्यालय बिराटनगर | मोरङ जिल्ला । |
| २३ | आन्तरिक राजस्व कार्यालय धरान | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुमर सुनसरी जिल्लाकोधरान उपमहानगरपालिकारबराह नगरपालिकावडा नं. १ देखि ७ । |
| २४ | आन्तरिक राजस्व कार्यालय ईटहरी | सुनसरी जिल्लाको ईटहरी उप-महानगरपालिका, वराह नगरपालिका वडा नं. ८ देखि ११, ईनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, देवानगञ्ज गाउपालिका, कोशी गाउपालिका, गढी गाउपालिका, बर्जु गाउपालिका, भोक्रहा गाउपालिका र हरिनगरा गाउपालिका। |
| २५ | आन्तरिक राजस्व कार्यालय लाहान | सप्तरी, सिरहा, उदयपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्ला। |
| २६ | आन्तरिक राजस्व कार्यालय जनकपुर | सिन्धुली, सर्लाही, महोत्तरी र धनुषा जिल्ला। |
| २७ | आन्तरिक राजस्व कार्यालय सिमरा | रौतहट र बारा जिल्ला। |
| २८ | आन्तरिक राजस्व कार्यालय विरगञ्ज | पर्सा जिल्ला। |
| २९ | आन्तरिक राजस्व कार्यालय हेटौंडा | मकवानपुर जिल्ला । |
| ३० | आन्तरिक राजस्व कार्यालय भरतपुर | चितवन जिल्ला । |
| ३१ | आन्तरिक राजस्व कार्यालय धुलिखेल | काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रामेछापर दोलखा जिल्ला। |
| ३२ | आन्तरिक राजस्व कार्यालय कावासोती | नवलपरासी (बर्दघाट सुस्ता पुर्व)जिल्ला। |
| ३३ | आन्तरिक राजस्व कार्यालय दमौली | तनहुँ, गोरखा, लम्जुङ, र मनाङ जिल्ला । |
| ३४ | आन्तरिक राजस्व कार्यालय पोखरा | स्याङ्जा र कास्की जिल्ला। |
| ३५ | आन्तरिक राजस्व कार्यालय बाग्लुङ्ग | बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्ला । |
| ३६ | आन्तरिक राजस्व कार्यालय वुटवल | पाल्पा, गुल्मी जिल्ला, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका, देवदह नगरपालिकाको वडा नं. ५ देखी १०, सैनामैना नगरपालिका तथा तिलोत्तमा नगरपालिकाको वडा न. १ देखि४ सम्म, कञ्चन गाउपालिका, शुद्धोधन गाउँपालिका तथा नवलपरासी(बर्दघाटसुस्ता पश्चिम) जिल्लाको |

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| | | सुनवल र बर्दघाट नगरपालिका। |
| ३७ | आन्तरिक राजस्व कार्यालय भैरहवा | रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नं. ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नं. १ देखि४, वडा नं.१र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका, कन्चन गाउँपालिका , कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाई गाउँपालिका, सियारी गाउँपालिका र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)जिल्लाको रामग्राम नगरपालिका, सुस्ता, पाल्हीनन्दन, प्रतापपुर र सरावल गाउँपालिका । |
| ३८ | आन्तरिक राजस्व कार्यालय कृष्णनगर | कपिलवस्तु रअर्घाखाँची जिल्ला। |
| ३९ | आन्तरिक राजस्व कार्यालय दाङ | दाङ, रोल्पा,रुकुम (पूर्व ), रुकुम (पश्चिम), सल्यान र प्युठानजिल्ला। |
| ४० | आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज | बाँके र बर्दिया जिल्ला। |
| ४१ | आन्तरिक राजस्व कार्यालय सुर्खेत | सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा र हुम्ला जिल्ला। |
| ४२ | आन्तरिक राजस्व कार्यालय जुम्ला | जुम्ला, मुगु र कालिकोट जिल्ला। |
| ४३ | आन्तरिक राजस्व कार्यालय धनगढी | कैलाली जिल्ला। |
| ४४ | आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर | कन्चनपुर जिल्ला। |
| ४५ | आन्तरिक राजस्व कार्यालय डडेल्धुरा | दार्चुला,बैतडी, डोटी, अछाम,बझाङ, बाजुरा र डडेल्धुरा जिल्ला । |
| ४६ | करदाता सेवा कार्यालय इलाम | इलाम जिल्ला। |
| ४७ | करदाता सेवा कार्यालय फिदिम | ताप्लेजुङ र पाचथर जिल्ला। |
| ४८ | करदाता सेवा कार्यालय बिराटचोक | मोरङ जिल्लाको बेलवारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका र केरावारी गाउपालिका। |
| ४९ | करदाता सेवा कार्यालय पथरी | मोरङ जिल्लाको लेटाङ नगरपालिका, पथरीशनिश्चरे नगरपालिका, उर्लावारी नगरपालिका, कानेपोखरी गाउपालिका, र मिक्लाजुङ गाउपालिका। |
| ५० | करदाता सेवा कार्यालय धनकुटा | तेह्थुमर धनकुटा जिल्ला। |
| ५१ | करदाता सेवा कार्यालय खाँदवारी | संखुवासभा जिल्ला। |
| ५२ | करदाता सेवा कार्यालय भोजपुर | भोजपुरजिल्ला। |

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| ५३ | करदाता सेवा कार्यालय ओखलढुगा | ओखलढुंगा र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका, दुधकोसी गाँउपालिका, दुधकौशिका गाँउपालिका, नेचासल्यान गाँउपालिका, माहाकुलुङ गाउँपालिका लिखुपिके गाँउपालिका र सोताङ गाँउपालिका। |
| ५४ | करदाता सेवा कार्यालय लुक्ला | सोलुखुम्बुको खुम्बुपासाङल्हामु गाँउपालिका। |
| ५५ | करदाता सेवा कार्यालय उदयपुर | उदयपुर जिल्ला। |
| ५६ | करदाता सेवा कार्यालय राजविराज | सप्तरी जिल्ला । |
| ५७ | करदाता सेवा कार्यालय दिक्तेल | खोटाङ जिल्ला । |
| ५८ | करदाता सेवा कार्यालय बर्दिवास | महोत्तरी जिल्लाको बर्दीवास नगरपालिका, गौशाला नगरपालिका र धनुषा जिल्लाको मिथिला नगरपालिका। |
| ५९ | करदाता सेवा कार्यालय जलेश्वर | महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका, लोहरपट्टी नगरपालिका, रामगोपालपुर नगरपालिका, मनराशिसवा नगरपालिका, मटिहानी नगरपालिका, भँगाहा नगरपालिका, बलवा नगरपालिका, औरही नगरपालिका, एकडारा गाउँपालिका, सोनमा गाउँपालिका, साम्सी गाउँपालिका, महोत्तरी गाउँपालिका र पिपरा गाउँपालिका । |
| ६० | करदाता सेवा कार्यालय मलङ्गवा | सर्लाही जिल्लाको मलङ्गवा नगरपालिका, हरिपुर्वा नगरपालिका, बलरा नगरपालिका, गोडैटा नगरपालिका, चक्रघट्टा गाउँपालिका, धनकौल गाउँपालिका, ब्रम्हपुरी गाउँपालिका, रामनगर गाउँपालिका, विष्णु गाउँपालिका, कौडेनी गाउँपालिका, पर्सा गाउँपालिका, बसबरिया गाउँपालिका, कविलासी नगरपालिका र चन्द्रनगर गाउपालिका । |
| ६१ | करदाता सेवा कार्यालय लालबन्दी | सर्लाही जिल्लाको बागमती नगरपालिका, हरिवन नगरपालिका, लालवन्दी नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिपुर नगरपालिका र बरहथवा नगरपालिका। |
| ६२ | करदाता सेवा कार्यालय सिन्धुली | सिन्धुली जिल्ला । |
| ६३ | करदाता सेवा कार्यालय गौर | रौतहट जिल्लाको गौर नगरपालिका, बौधीमाई नगरपालिका,देवाही गोनाही नगरपालिका, माधवनारायण नगरपालिका,मौलापुर नगरपालिका, ईशनाथ नगरपालिका, परोहा नगरपालिका, राजपुर नगरपालिका, राजदेवी नगरपालिका, दुर्गाभगवती गाउपालिका र यमुनामाई गाउपालिका। |
| ६४ | करदाता सेवा कार्यालय चन्द्रपुर | रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका, बृन्दावन नगरपालिका, कटहरीया नगरपालिका, फतुवाविजयपुर नगरपालिका, गरुडा नगरपालिका, गढीमाई नगरपालिका र गुजरा नगरपालिका। |
| ६५ | करदाता सेवा कार्यालय कलैया | बारा जिल्लाको पचरौता नगरपालिका, सिम्रौनगढ नगरपालिका, सुवर्ण गाउपालिका, देवताल गाउपालिका, आदर्श कोटवाल गाउपालिका, विश्रामपुर गाउपालिका, फेटा गाउपालिका, कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, करैमाई गाउपालिका, बारागढीगाउपालिका र |

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| | | प्रशौनी गाउपालिका। |
| ६६ | करदाता सेवा कार्यालय मन्थली | रामेछाप जिल्ला । |
| ६७ | करदाता सेवा कार्यालय चरिकोट | दोलखा जिल्ला । |
| ६८ | करदाता सेवा कार्यालय खैरहनी चितवन | चितवन जिल्लाको कालिका नगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका र राप्ती नगरपालिका । |
| ६९ | करदाता सेवा कार्यालय गल्छी | धादिङ र नुवाकोटजिल्ला । |
| ७० | करदाता सेवा कार्यालय बेशिसहर | मनाङ र लमजुङ जिल्ला । |
| ७१ | करदाता सेवा कार्यालय गोरखा | गोरखा जिल्ला । |
| ७२ | करदाता सेवा कार्यालय पुतलीबजार | स्याङजा जिल्ला । |
| ७३ | करदाता सेवा कार्यालय कुश्मा | पर्वत जिल्ला । |
| ७४ | करदाता सेवा कार्यालय पाल्पा | पाल्पा जिल्ला । |
| ७५ | करदाता सेवा कार्यालय तम्घास | गुल्मी जिल्ला । |
| ७६ | करदाता सेवा कार्यालय परासी | नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)जिल्ला। |
| ७७ | करदाता सेवा कार्यालय तौलिहवा | कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका, बुद्धभुमी नगरपालिका, वाँडगंगा नगरपालिका, मायादेवी गाँउपालिका, यशोधरा गाँउपालिका र शुद्धोधन गाँउपालिका । |
| ७८ | करदाता सेवा कार्यालय सन्धिखर्क | अर्घाखाचि जिल्ला । |
| ७९ | करदाता सेवा कार्यालय चकचके प्युठान | प्युठान र रोल्पा जिल्ला । |
| ८० | करदाता सेवा कार्यालय श्रीनगर,सल्यान | सल्यान, रुकुम (पुर्व)र रुकुम पश्चिम जिल्ला। |
| ८१ | करदाता सेवा कार्यालय गुलरिया | बर्दिया जिल्ला । |
| ८२ | करदाता सेवा कार्यालय लम्की | कैलाली जिल्लाको टिकापुर नगरपालिका, भजनी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका, मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका र लम्की चुहा नगरपालिका |
| ८३ | करदाता सेवा कार्यालय साफेबजर, अछाम | अछाम र बाजुरा जिल्ला। |
| ८४ | करदाता सेवा कार्यालय दिपायल | डोटी जिल्ला । |

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको संगठन संरचना र दरवन्दी पुनरावलोकन, २०७६ बमोजिम करदाता करदाता सेवा कार्यालयहरुको अन्तःशुल्क सम्बन्धी कार्य विवरण देहाय बमोजिम रहेको छ।

- अन्तःशुल्क इजाजतपत्र जारी तथा नविकरण गर्ने,
- Excise Automation System मार्फत अन्तःशुल्क लाग्ने बस्तु वा सेवाको उत्पादन तथा बिक्री वितरण कार्यको ब्यवस्थापन गर्ने,
- अन्तःशुल्क विवरण प्राप्त गर्ने,
- अन्तःशुल्क संकलन गर्ने,
- अन्तःशुल्क, बक्यौताको हिसाव मिलान गर्ने, असुली गर्ने, अनुगमन गर्ने र बक्यौता राख्ने करदातालाई कानुनी कारवाही गरी बक्यौता कर असुल गर्ने ।

| **अन्तःशुल्क प्रशासन हेर्ने जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरु** | | |
|---|---|---|
| **सि.नं.** | **कोष तथा लेखा नियन्त्रक कार्यालय** | **जिल्ला** |
| १ | कोष तथा लेखा नियन्त्रक कार्यालय ताप्लेजुङ | ताप्लेजुङ जिल्ला । |
| २ | कोष तथा लेखा नियन्त्रक कार्यालय तेह्रथुम | तेह्रथुम जिल्ला । |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय सोलुखुम्बु | खुम्बु पासाङल्हामु गाँउपालिका बाहेक सोलुखुम्बु जिल्ला। |
| ४ | कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुपाल्चोक | सिन्धुपाल्चोक जिल्ला। |
| ५ | कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवा | रसुवा जिल्ला । |
| ६ | कोष तथा लेखा नियन्त्रक कार्यालय नुवाकोट | नुवाकोट जिल्ला । |
| ७ | कोष तथा लेखा नियन्त्रक कार्यालय मुस्ताङ | मुस्ताङ जिल्ला । |
| ८ | कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दी | म्याग्दी जिल्ला । |
| ९ | कोष तथा लेखा नियन्त्रक कार्यालय मनाङ | मनाङ जिल्ला । |
| १० | कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुमपूर्व | रुकुम पूर्व जिल्ला । |
| ११ | कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुमपश्चिम | रुकुम पश्चिम जिल्ला । |
| १२ | कोष तथा लेखा नियन्त्रक कार्यालय कालिकोट | कालिकोट जिल्ला । |
| १३ | कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेख | दैलेख जिल्ला । |
| १४ | कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोट | जाजरकोट जिल्ला । |
| १५ | कोष तथा लेखा नियन्त्रक कार्यालय रोल्पा | रोल्पा जिल्ला । |
| १६ | कोष तथा लेखा नियन्त्रक कार्यालय हुम्ला | हुम्ला जिल्ला । |
| १७ | कोष तथा लेखा नियन्त्रक कार्यालय डोल्पा | डोल्पा जिल्ला । |

| अन्तःशुल्क प्रशासन हेर्ने जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | | |
|---|---|---|
| १८ | कोष तथा लेखा नियन्त्रक कार्यालय मुगु | मुगु जिल्ला । |
| १९ | कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङ | बझाङ जिल्ला । |
| २० | कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी | बैतडी जिल्ला । |
| २१ | कोष तथा लेखा नियन्त्रक कार्यालय बाजुरा | बाजुरा जिल्ला । |
| २२ | कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुला | दार्चुला जिल्ला । |

आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय नरहेका जिल्लाहरुमा अन्तःशुल्कको परीक्षण तथा अनुसन्धान सम्बन्धी कार्य र सो बमोजिम हुने अन्तःशुल्क निर्धारण गर्ने देखि बाहेकका अन्तःशुल्क प्रशासन सम्बन्धी अन्य कार्यहरुको सम्बन्धमा अन्तःशुल्क अधिकृतको अधिकार सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकले प्रयोग गर्न पाउने गरी तोकेको छ ।

## ५. अन्तःशुल्क इजाजत सम्बन्धी ब्यबस्था (Excise Licensing)

### ५.१ अन्तःशुल्क (Excise Duty)

अन्तःशुल्क तोकिएको वस्तु तथा सेवाको उत्पादन तथा आयातमा तिर्नु पर्ने कर हो । देशको आवश्यकता अनुसार यो खास खास वस्तुमा मात्र लगाईएको हुन्छ । यो कर उत्पादनकर्ता वा पैठारीकर्ताले ग्राहकबाट असुल उपर गरी सरकारलाई बुझाउनु पर्ने कर भएता पनि यस्को अन्तिम भार उपभोक्ता माथि पर्दछ । यो कर खास गरी विलासिताका वस्तु (Luxury items) र मानब स्वास्थ्य एवं पर्यावरणलाई नकारात्मक असर गर्ने सूर्तिजन्य र मदिराजन्य वस्तु तथा सेवा (Health and Environmental Hazards) उत्पादन, पैठारी तथा खपत कम होस भन्ने उद्देश्यले लगाईएको हुन्छ। तर बिगत केही बर्षदेखि यो कर मदिरा र सूर्तिजन्य बाहेक अन्य बस्तुहरुमा पनि लगाइएको छ । अन्त शुल्क लाग्ने वस्तुहरुको सूची सालबसाली आर्थिक ऐनले तोकेको हुन्छ।

### ५.२ अन्तःशुल्क इजाजत (Licence)

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क लाग्ने कुनै पनि वस्तु तथा सेवा सम्वन्धी कारोबार शुरु गर्नु भन्दा पहिले आन्तरिक राजस्व विभाग वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुवाट त्यस्तो कारोबार गर्न अनुमति लिनु पर्ने व्यवस्था गरेको छ । यो अनुमति पत्रलाई इजाजत भनिन्छ । यसरी इजाजतपत्र लिनु भनेको नै अन्तःशुल्कमा दर्ता गर्नु पनि हो भन्ने बुझिन्छ । अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने जुनसुकै ब्यक्तिले त्यस्ता वस्तु तथा सेवाको उत्पादन, पैठारी, खरिद बिक्री, संचय, निकासी तथा सेवा प्रदान गर्ने जस्ता कारोबार अन्तःशुल्क ईजाजत लिएर मात्र गर्नुपर्छ ।

### ५.३ अन्तःशुल्क दर्ता अर्थात् ईजाजतपत्र लिने सम्बन्धी व्यवस्थाः

- अन्तःशुल्क ऐन, २०५८ को दफा ९ अनुसार अन्तःशुल्क लाग्ने वस्तु तथा सेवा को उत्पादन, पैठारी, विक्री र संचय गर्दा अन्तःशुल्क इजाजत लिएर मात्र गर्न पाइने व्यवस्था छ।
- अन्तःशुल्क इजाजत पत्र लिनको लागि नियमावलीमा तोकिए वमोजिम दस्तुर तिर्नु पर्दछ ।
- अन्तःशुल्क लगाउने वा असूल गर्ने प्रयोजनको लागि वस्तु भन्नाले चल वा अचल दुवै किसिमका सम्पत्तिहरु पर्दछन् भने सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सेवा अन्तर्गत पर्छ ।

**५.४ अन्तःशुल्क इजाजत पत्र लिने प्रक्रिया (LicencingProcess)**

- इजाजत पत्र लिनुभन्दा पहिले इजाजत लिन चाहने व्यक्तिले सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट स्थायी लेखा नंबर (PAN) लिनु पर्दछ । जसलाई कर दर्ता वा प्यान दर्ता पनि भनिन्छ। PAN दर्ता गर्नको लागि देहाय अनुसारका कागजातहरु पेश गर्नु पर्छ :
- सम्बन्धित उद्योग व्यवसाय दर्ता गर्ने निकाय जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग वा यस्तै अन्य नियामक निकाय वा सो अन्तर्गतका कार्यालयहरु वा सम्बन्धित स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका कार्यालयहरु) मा व्यबसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि।
- कारोबारको मुख्य व्यक्ति भई काम गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो।
- मुख्य कारोबार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्शा,
- भाडाको घरमा कारोवार संचालन गर्ने भए वहाल सम्झौताको प्रतिलिपि,
- आफ्नै घर जग्गामा कारोवार गर्ने भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,
- उद्योगले स्थायी लेखा नम्बर लिईसकेपछि अन्तः शुल्क निर्देशिका २०६८ मा तोकिए बमोजिम पूर्वाधार तयार गरी र अन्यले स्थायी लेखा नम्बर लिएपछि अन्तःशुल्क ईजाजत पत्रको लागि तोकिए बमोजिम इजाजत दस्तुर दाखिला गरी अनुसूचि-१ बमोजिमको निवेदन आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दिनुपर्छ ।
- यसरी निवेदन दिए पछि तोकिएको ढाँचामा ऐनको अनुसूची-३ (नियम ४ संग सम्बन्धित) बमोजिमको इजाजत पत्र आन्तरिक राजस्व कार्यालयले उपलब्ध गराउँछ ।

**५.५ अन्तःशुल्क इजाजत पत्र लिन पर्ने**

(क) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन (Production) गर्न उत्पादन ईजाजत पत्र

(ख) विदेशबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी (Import) गर्न पैठारी ईजाजतपत्र

(ग) अन्त शुल्क लाग्ने बस्तुको खरिद बिक्री गर्न खरिद बिक्री ईजाजतपत्र

(घ) अन्तःशुल्क लाग्ने वस्तु को संचय (Store) गर्न सञ्चय गर्ने ईजाजत पत्र

(ङ) अन्तःशुल्क लाग्ने वस्तुको निकासी (Export) गर्न निकासी इजाजत पत्र

(च) अन्तःशुल्क लाग्ने सेवा(Service) प्रदान गर्न सेवा प्रदान गर्ने इजाजत पत्र

**५.६ इजाजत पत्र दस्तुरः**

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर दाखिला गरी लिएको इजाजतपत्र एक आर्थिक वर्ष सम्म मात्र बहाल रहन्छ । हरेक आर्थिक वर्षको लागि अन्तःशुल्क इजाजतपत्रको नविकरण उक्त आ.व. को श्रावण महिना भित्र गरि सक्नु पर्दछ । अन्यथा तोकिएको इजाजत दस्तुरको अतिरिक्त तोकिएको जरिवाना दाखिला गरी इजाजतपत्र नविकरणा गराउनु पर्नेछ ।

आ.व २०७७/७८ को आर्थिक ऐन अनुसार उक्त आ.व.को लागि अन्तःशुल्क इजाजत दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ : अनुसूची २ (नियम ३ र ५ संग सम्बन्धित)

**५.६.१ इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर देहाय बमोजिम हुनेछः**

**<u>मदिरा र इथानोल उत्पादन तर्फः-</u>**

| | | |
|---|---|---|
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि ........................................ | .रु. १,९५,०००।- |
| (ख) | बियर उत्पादन गर्ने प्रतिष्ठानको लागि .................................... | रु. १,९५,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि ................................ | .रु. १,९५,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | ..रु.९६,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि .............................................. | .रु. १,९५,०००।- |

(च) चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि ..................................... .रु.२,४०,०००।-

**मदिरा बिक्री वितरण तर्फः-**

(क) होटल, रेष्टुरेण्ट तथा लजहरूको लागि ः-

(१) पाँचतारे होटल .................................................. रु.६०,०००।-

(२) चारतारे होटल ...................................................... .रु.४८,०००।-

(३) तीनतारे होटल .................................................. रु.३६,०००।-

(४) दुईतारे होटल .................................................. रु.२४,०००।-

(५) एकतारे होटल ......................................................... रु. १२,०००।-

(६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट............................................. रु. ८,५००।-

(७) स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज ................................................ रु. ४,५००।-

(ख) मदिरा विक्रेताको लागिः

(१) मदिरा वितरक ....................................................... रु. ३६,०००।-

(२) थोक विक्रेता .......................................................... रु. २४,०००।-

(३) स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा विक्रेता .................रु. १२,०००।-

(४) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा विक्रेता ......................................रु. ८,५००।-

(५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका वाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा विक्रेता..............रु.४,५००।-

(६) डिपार्टमेण्टल स्टोर ..........................................................रु.२४,०००।-

(ग) मदिरा निकासी तथा पैठारी कर्ताको लागि ः-

(१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता.......................................रु.४८,०००।-

(२) मदिरा निकासीकर्ता..........................................................रु.६,०००।-

**चुरोट, सिगार, सूर्ती, खैनी, पानमसला र अन्य वस्तु हरु पैठारी, निकासी तथा खरिद बिक्री र उत्पादन तर्फः-**

(क) विदेशी चुरोट र सिगार .............................................................रु. ४८,०००।-

(ख) सूर्ती तथा सूर्तीजन्य वस्तु (विदेशी खैनी, जर्दा, नश तथा पानमसला आदि) पैठारी गर्नेको लागि ...........................................................................रु.४८,०००।-

(ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक खरिद बिक्री गर्नेको लागि ................................................रु. ७,२००।-

(घ) पान मसला, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु (चुरोट वाहेक) उत्पादन गर्नेको लागि ...........................................रु.१,२०,०००।-

(ङ) चुरोट, खैनी, जर्दा, नश, पानपराग, सुर्ती तथा पानमसला खुद्रा खरिद बिक्री गर्नेको लागि ..................................................................................रु.२,०००।-

(च) विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि ...........................................रु.१८,०००।-

(छ) खुदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि .................रु.६,०००।-

(ज) नेपाल बाहिर चुरोट र अन्य सूर्तीजन्य वस्तुहरु निकासीकर्ता ....................रु ६,०००।-

(झ) माथि खण्ड (क) देखि (झ) सम्म उल्लेख नभएका तर स्वदेशमा

उत्पादन गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि .............. रु.१२,०००।-

(ञ) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण) , कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागिः-

(१)भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर सम्मको... रु.२४,०००।-

(२)होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्सपावर भन्दा बढीको रु.४८,०००।-

४. माथि प्रकरण १, २ र ३ मा उल्लेख भए वाहेकको हकमा प्रतिष्ठानको स्थिर पूंजीको आधारमा प्रत्येक १ लाख रुपैयाँ स्थिर पूंजी भएको प्रतिष्ठानलाई साठी रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम आठ हजार रुपैयाँ भन्दा कम र अधिकतम अठचालीस हजार रुपैयाँ भन्दा बढी हुने छैन ।

५. यस अनुसूची बमोजिमको दस्तुर औद्यौगिक व्यवसाय ऐन, २०७६ को अनुसूची १० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्नेछ।

### ५.७ इजाजत पत्रको म्याद सम्बन्धी व्यवस्थाः

- अन्तःशुल्क लाग्ने वस्तुको कारोवार गर्नको लागि दिएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म मात्र कायम रहन्छ। म्याद थप गराउनु भनेको इजाजतपत्र नवीकरण गराउनु हो र यसको लागि आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयवा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा निवेदन दिनु पर्छ ।
- इजाजतपत्र नवीकरण गराउन तोकिए बमोजिमको दस्तुर दाखिला गर्नुपर्छ ।
- तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भरी नवीकरण गराउनु पर्छ ।
- कुनै इजाजत पत्रवालाले चाहेमा ३ आर्थिक वर्षसम्मका लागि पनि एकैपटक नवीकरण दस्तुर तिरी नवीकरण गराउन सक्छ ।
- म दिराजन्य तथा सुर्तीजन्य वस्तु बाहेक अन्य वस्तुको उत्पादनको ईजाजत नविकरण गर्नु पर्दैन ।

### ५.८ विलम्व शुल्क सहित नवीकरण व्यवस्था

- इजाजत पत्रको म्याद समाप्त भएपछि इजाजत पत्र नवीकरण नगरी कारोवार गर्न पाईदैन ।तोकिएको अवधि अर्थात् श्रावण महिना भित्र हरेक आ.ब.को लागि नवीकरण गराई सक्नु पर्छ । श्रावण महिनामा नवीकरण नगराउने व्यक्तिले देहाय अनुसारको अवधिमा देहाय अनुसारको विलम्ब शुल्क समेत बुझाई नवीकरण गराउन सक्छ ।
- तोकिएको अवधि (श्रावण महिना) समाप्त भएको पहिलो ३ महिना (भाद्र देखि कार्तिक मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको २५ प्रतिशत रकम ।
- त्यसपछिको ३ महिना (मार्गदिखि माघ मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ५० प्रतिशत रकम।
- त्यसपछिको ३ महिना (फागुन देखि वैशाख मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ७५ प्रतिशत रकम ।
- त्यसपछि असार मसान्तसम्मको अवधिको लागि १०० प्रतिशत रकम ।
- असार महिनाको अवधि पनि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमको नवीकरण वापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि १०० प्रतिशत थप रकम र वक्यौता रकम समेत बुझाउनु पर्छ।

### ५.९_इजाजत पत्र स्थगन गर्न सक्ने व्यवस्था

अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने करदाताले त्यस्तो कारोबार गर्न छाडेमा कारोबार स्थगन गर्न पाउने कानूनी व्यवस्था समेत अन्तःशुल्क ऐनमा गरिएको छ।

यसको प्रक्रिया निम्नानुसार रहेको छः

- अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने ईजाजत पत्र प्राप्त व्यक्तिले त्यस्तो कारोवार गर्न छाडेमा सो को कारण खोली १५ दिन भित्र अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनुपर्छ । यसरी निवेदन दिए पछि स्थगन गर्नुपर्ने देखिएमा १५ दिन भित्र अन्तशुल्क अधिकृतले स्थगन गरिएको जानकारी इजाजतपत्रवालालाई दिनुपर्छ । स्थगन भएपछि अर्को महिनादेखि अन्तःशुल्क विवरण बुझाउन पर्दैन र इजाजत नविकरणा समेत गर्नुपर्ने छैन ।

### ५.१० इजाजत पत्र रद्द गर्न सक्ने व्यवस्था

- आन्तरिक राजस्व विभाग वा सो अन्तर्गतमा कार्यालयले देहायको अवस्थामा आफूले जारी गरेको इजाजतपत्र रद्द गर्न सक्छः
  - » इजाजत पत्रमा तोकिएको शर्त तथा वन्देज उल्लंघन भएको पाइएमा,
  - » सार्वजनिक हित विपरित हुने देखिएमा,
  - » बुझाउनु पर्ने अन्तःशुल्क दस्तुर नबुझाएमा,
  - » इजाजतपत्रवाला संस्था विघटन भएमा, इजाजत पत्रवालाले आफ्नो इजाजतपत्र रद्ध गर्न निवेदन दिएमा
  - » दफा ९ वमोजिम नवीकरण नगराएमा ।

### ५.११_ध्यान राख्नु पर्ने अन्य विशेष कुराहरु

»इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार कहिल्यै नगरौं ।

» इजाजतपत्रवालाले नियमानुसार समयमै इजाजत पत्र नवीकरण गराऔं।

» तोकिएको समय भित्रै अन्तःशुल्क विवरण दाखिला गरौं।

» कारोवार अनुसारको दाखिला गर्नु पर्ने अन्तःशुल्क रकम समयमै तिर्न नर्बिसौं ।

## ५.१२ इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरूः

### ५.१२.१ सवै इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरूः

- इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ ।
- इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

### ५.१२.२ मदिरा व्यवसायीले मात्र पालना गर्नुपर्ने शर्तहरूः

- काठमाडौं उपत्यका, महानगरपालिका, उप–महानगरपालिका, नगरपालिका, जिल्ला सदरमुकाम, राष्ट्रिय लोकमार्ग र विभागले तोकेका सहायक लोकमार्गमा मदिराको कारोवार गर्ने इजाजतपत्रवालाले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्नुपर्दछ ।
- डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नुपर्नेछ
- प्रत्येक बोतलको बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नुपर्नेछ ।
- बिहान १०:०० बजे देखि राती १०:०० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्नेछ ।

- अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन ।
- मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्नेछ ।
- इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क स्टीकर टांस भएका मदिरा तथा विभागले तोके बमोजिम अन्तःशुल्क स्टीकर टाँस भएका बियर, साइडर लगायतका पदार्थ मात्र बिक्री गर्नुपर्नेछ । अन्तःशुल्क टिकट नरहेको सामान खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानुन बमोजिम दण्ड जरिवाना हुनेछ ।
- अन्तःशुल्क ऐन,२०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित प्रावधानहरूको पालना गर्नुपर्नेछ ।

### ५.१२.३ करमुक्त पसलले पालना गर्नुपर्ने शर्तहरूः

- कुटनैतिक सुविधा प्राप्त व्यक्ति, संस्था वा नियोगलाई वण्डेड वेयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ ।
- करमुक्त पसलले बैंक ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरणसंगै बुझाउनुपर्नेछ ।
- वण्डेड वेयर हाउस भन्सार बिन्दुबाट भित्र्याउंदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउन र निकाल्नु पर्नेछ ।

### ५.१२.४ चुरोट र सूर्तीजन्य वस्तुको बिक्री वितरण गर्ने इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्तहरुः

- दैनिक उपभोग्य वस्तुहरुको कारोवार गर्ने व्यवसायीले इजाजतपत्र लिई उपभोग्य वस्तुभन्दा अलग्गै बिक्री स्थानबाट सूर्तीजन्य पदार्थको कारोवार गर्नु पर्नेछ ।
- चुरोट र सूर्तीजन्य वस्तुको खरिद बिक्री गर्ने इजाजतपत्रवालाले चुरोट र सूर्तीजन्य वस्तु खरिद बिक्री गरेको बीजक राख्नु पर्नेछ ।
- इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस भएको चुरोट र सूर्तीजन्य वस्तुको मात्र खरिद विक्री गर्नु पर्नेछ
- अठार बर्ष उमेर नपुगेका व्यक्तिलाई चुरोट र सूर्तीजन्य वस्तु खरिद बिक्रि गर्ने कार्यमा लगाउनपाईने छैन
- गर्भवती महिलाले चुरोट र सूर्तीजन्य वस्तु खरिद बिक्री गर्न, गराउन पाइने छैन ।
- डिपार्टमेन्टल स्टोरले चुरोट र सूर्तीजन्य पदार्थको बिक्री वितरणको लागिअलग्गै बिक्रीकक्षको व्यवस्था गर्नु पर्नेछ

### ५.१२.५ उत्पादन इजाजत तथा नविकरण सम्बन्धमा ध्यान दिनु पर्ने विषयहरूः

- अन्तःशुल्क इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, संचय वा विक्री गर्न हुँदैन।
- अन्तःशुल्क इजाजतपत्र लिनका लागि उद्योग स्थापनाका लागि चाहिने आवश्यक पूर्वाधारहरू सम्पन्न भएको हुनु पर्दछ।
- अन्तःशुल्क निर्देशिका, २०६८ को अनुसुची-१ बमोजिमको निवेदन दिनु पर्दछ।
- निवेदनकासाथ उद्योग, प्रतिष्ठानको नाम, ठेगाना, चालु पूंजी, स्थीर पूंजी सम्बन्धी कुराहरू खुलाई सोको प्रतिलिपी संलग्न गर्नुपर्छ।

- उत्पादन बाहेक अन्य किसिम (आयात, निर्यात, भण्डारण) को इजाजत माग गर्दा जे प्रयोजनका लागि इजाजत चाहिएको हो सोको नाम, ठेगाना, कारोवारको किसिम, क्षेत्र तथा स्थायी लेखा नंबर समेतको विवरण भरी निवेदन दिनु पर्छ।
- इजाजतपत्र माग गर्दा निवेदन र संलग्न कागजातहरू उपयुक्त देखिएमा उत्पादन, पैठारीको लागि अन्त:शुल्क नियमावली, २०५९ को अनुसूची-२ मा तोकिए बमोजिमको इजाजतपत्र दस्तुर दाखिला गर्नु पर्छ।
- इजाजतपत्रवालाले प्राप्त गरेको अन्त:शु:ल्क इजाजतपत्र आफ्नो कारोवारस्थलमा सबैले देखे गरी राख्नुपर्छ। शाखाको हकमा छुट्टै इजाजत लिनुपर्छ।
- उत्पादक र पैठारीकर्ताले प्रत्येक वर्षको श्रावणमहिनाभित्र अन्त:शुल्क इजाजत नविकरण गरिसक्नु पर्छ। श्रावण मसान्तभित्र इजाजत नविकरण नगराएमा इजाजत स्वत: खारेज हुन्छ । इजाजत खारेज भएपछिको अवधिमा हुने उत्पादन तथा निष्काशन अवैध हुन्छ।

**५.१२.६ नयाँ उत्पादन तथा ब्राण्डको इजाजत सम्बन्धी व्यवस्था:**

- उद्योग विभागबाट ट्रेडमार्क दर्ता प्रमाणपत्र प्राप्त भएपछि वा सम्बन्धित लेबल ट्रेडमार्क दावी विरोधको लागि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्ने निर्णय भएको जानकारीपत्र प्राप्तभएपछि कार्यालयमा अनुमती माग गर्नुपर्छ।
- नयाँ ब्राण्डको उत्पादन गर्ने स्वीकृति माग गर्नु अघि बुझाउनु पर्ने वा बुझाउन बाँकी अन्त:शुल्क रकम, अग्रीम कर कट्टी रकम, मूल्यअभिवृद्धि कर तथा आयकर चुक्ता गरिसकेको हुनुपर्छ. ।
- परीक्षण उत्पादनको स्वीकृति लिई सोको आधारमा उत्पादन गरेको मदिराजन्य तथा सूर्तिजन्य पदार्थको ब्राण्ड अनुसारको उत्पादनलाई परीक्षण गर्न रित पूर्बकको नमुना साथ त्यस्तो उत्पादनमा प्रयोग भएका Ingrediants को विवरण समेत खुलाई आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्दछ।
- परीक्षण पश्चात उपभोग योग्य वा विक्री योग्य भएमा व्यावसायिक उत्पादनको स्वीकृति प्राप्त हुन्छ ।

**५.१२.७ इजाजतपत्र स्थगन र पुन: इजाजत सम्बन्धी व्यवस्था:**

- इजाजतपत्रवालाले कारोवार गर्न छाडेमा १५ दिन भित्र इजाजतपत्र स्थगनका लागि निवेदन दिनुपर्दछ।
- इजाजतपत्र स्थगन भएको जानकारी पाए पछि स्थगन भए पछिको अर्को महिना देखि मासिक अन्त:शुल्क विवरण पेश गर्नुपर्दैन।
- इजाजतपत्र स्थगन भएको अवधिभरको लागि इजाजतपत्र नविकरण गर्नुपर्दैन।
- स्थगन भएको इजाजतपत्रबाट पुन: कारोवार गर्न चाहेमा अन्त:शुल्क अधिकृत समक्ष निवेदन दिनुपर्छ।

**५.१२.८ इजाजतपत्रवालाको काम तथा कर्तव्यहरु:**

**उत्पादकको काम तथा कर्तव्य:**

- वस्तु निष्काशन भए पछिको महिनाको पच्चीस गते भित्र मासिक विवरण र विभागले तोकेको ढाँचाका फाँटवारीहरु पेश गर्नु पर्दछ।
- उत्पादन भएको र बिक्री वितरण भएको वस्तुको विवरण दैनिक किताबमा जनाई राखे र निरीक्षणको क्रममा अन्त:शुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई देखाउने।
- उत्पादन भएको वस्तुको नमूना अन्त:शुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा पठाउने।
- गोदाममा राखिएको वस्तुको विवरण अन्त:शुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई सोको निस्सा राखे।

**पैठारीकर्ताको काम तथा कर्तव्य:**

- अन्त:शुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष खरिद बिजक पेश गर्नुपर्ने।

- प्रतीतपत्रको माध्यमबाट पैठारी गरिएको वस्तुको विवरण, भन्सार प्रयोजनको लागि वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नुपर्ने।
- पैठारी गरी सोही अवस्थामा विक्री गर्ने इजाजतपत्रवालाले पैठारी भएका सामानको खरिद, विकी र मौज्दातको विवरण हरेक महिना सम्बन्धित कार्यालयमा पेश गर्नु पर्दछ।
- अन्तःशुल्क स्टिकर माग गर्दा अघिल्लो दिनसम्मको आयातित वस्तु तथा त्यसमा प्रयोग भएको स्टिकरको विवरण खुलाई पेश गर्नु पर्दछ।
- पैठारी गरिएका सामान गोदाममा राख्नु अगाडि सम्बन्धित अन्तःशुल्क प्रतिनिधिको रोहवरमा स्टिकर लगाई गोदाममा राखी बिक्री वितरण गर्नु पर्दछ।

**५.१२.९ कच्चा पदार्थको संरक्षणः**

- मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मोलासेस, स्प्रिट लगायतका कच्चा पदार्थको उचित संरक्षणको व्यवस्था गर्नुप र्दछ। उचित संरक्षणको प्रवन्ध नगरी हानी नोक्सानी भएमा सो वापत त्यस्तो इजाजतपत्रवालाले उत्पादन गर्ने मदिरा तर्फको उच्चतम दरवन्दी अनुसार लाग्ने राजस्व असुल उपर गरिनेछ
- मोलासेस (खुंदो) स्टील ट्यांकी वा छाना भएको तथा नचुहिने पक्की खाडल (Pit) मा मात्र राख्नुपर्छ।
- स्प्रिटलाई गेजिङ गरिएको स्टिल ट्यांकी वा काठको भ्याट (VAT) वा HDEP ट्यांकीमा मात्र राख्नुपर्छ।
- स्प्रिट संचय गर्ने ट्यांक, भ्याट(Tank, VAT आदि) को सिरियल नम्वर लेखिएको हुनुपर्दछ ।
- वाइन बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ र पानीको मात्रा उल्लेख गरी सो को स्पष्ट विवरण राख्नु पर्दछ।
- डिष्टिलेशन (चुहान) को लागि तयार भएको वा सो को परिमाण र भेट नं. को लगत राखी सो को जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई दिनु पर्दछ।

**५.१२.१० मोलासेसको संरक्षणको विशेष व्यवस्थाः**

- चिनी तथा खाँडसारी मिलले उत्पादन गरेको मोलासेस पानी नपस्ने गरी संरक्षणको उचित प्रवन्ध गरी कार्यालयको सिफारिसमा मात्र विकी गर्नु पर्दछ। उपयुक्त संरक्षणको व्यवस्था नगरी मोलासेसको हानी नोक्सानी भएमा उक्त मोलासेसमा लाग्ने अन्तःशुल्क मिनाहा दिइने छैन।
- चिनी वा खाँडसारी मिलले सख्खर वा खुदो (मोलासेस) को उत्पादन तथा बिक्रीको हिसाब अद्यावधिक गरी मासिक रुपमा कार्यालयमा पेश गर्नु पर्दछ।

**५.१२.११ मदिराको हिसाव राख्नुपर्नेः**

- वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको शक्ति खुलाई मदिरा बिक्री र सोवाट प्राप्त हुने अन्तःशुल्कको विवरण समेत तयार गरी राख्नु पर्दछ।
- मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलबाट उत्पादन भएको मदिराको परिमाणको विवरण अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्दछ।

५.१२.१३ **मदिरा प्याकिङ्ग सम्बन्धी व्यवस्थाः**

- इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेण्डिङ) बाट मात्र मदिरा उत्पादन गर्नु पर्दछ।
- RUM/WHISKY/BRANDY/VODKA/GIN भनी उत्पादन गर्ने प्रतिष्ठानले २५ र ३० यू.पी. शक्तिको मदिरा मात्र उत्पादन गर्नु पर्दछ।
- Filtration / Formentation प्रक्रियाबाट उत्पादन हुने वाइन, साइडर, सेरी, स्याम्पेन, मिड, पेरी, माल्ट जस्ता मदिराको नाम कच्चा पदार्थ (फलफूल आदि) र गुणको आधारमा मात्र लेख्न पाइन्छ।
- अल्कोहलको मात्रा १ प्रतिशत भन्दा घटी वा बढी हुनु हुँदैन।

- मदिरा उत्पादन गर्ने प्रतिष्ठानले उत्पादित मदिरा (वाइन, वियर र साइडर वाहेक) को वोतलमा अन्तःशुल्क टिकट सुरक्षणको लागि पारदर्शी प्लाष्टिकको खोल (स्रिङ्क क्याप) प्रयोग गर्नुपर्दछ ।
- इजाजतपत्रवालाले निम्न शक्तिको मदिरा निम्न साईजको बोतलमा राखी उत्पादन र प्याकिङ्ग गर्नु पर्नेछः

| **शक्ति** | **साइज** | **कैफियत** |
|---|---|---|
| १५ यू.पी. | १००० मि.लि. | बोतल |
| | ७५० मि.लि. | बोतल |
| | ३७५ मि.लि. | बोतल |
| | १८० मि.लि. | बोतल |
| | ९० मि.लि. | बोतल |
| २५ यू.पी. | १००० मि.लि. | बोतल |
| | ७५० मि.लि. | बोतल |
| | ३७५ मि.लि. | बोतल |
| | १८० मि.लि. | बोतल |
| | ९० मि.लि. | बोतल |
| ३० यू.पी. | १००० मि.लि. | बोतल |
| | ७५० मि.लि. | बोतल |
| | ३७५ मि.लि. | बोतल |
| | १८० मि.लि. | बोतल |
| ४० यू.पी. | ७५० मि.लि. | बोतल |
| | ३७५ मि.लि. | बोतल |
| | १८० मि.लि. | बोतल |
| ५० यू.पी. | ५०० मि.लि. | बोतल |
| | १८० मि.लि. | बोतल |
| ७० यू.पी. | ३०० मि.लि. | **पेट** बोतल |

<u>वाइनको उत्पादन देहाय बमोजिमको बोतलबन्दी वा प्याकिंङ्ग साइजमा मात्र गर्नु पर्दछः</u>

| **साइज** | **कैफियत** |
|---|---|
| ७५० एम.एल. | शिशा बोतल |
| ४ लि. | आल्मुनियम फोयल प्याक |

<u>साइडरको उत्पादन देहाय बमोजिमको बोतलबन्दी वा प्याकिंङ्ग साइजमा मात्र गर्नु पर्दछः</u>

| **साइज** | **कैफियत** |
|---|---|
| २५० एम.एल. | शिशा बोतल |

साइडर प्याकिंङ्ग गर्दा कार्टुनमा २५० एम.एल. साइजको १२ बोतल हुनु पर्छ ।

**५.१२.१४ मदिरा प्याकिङ्ग गर्ने प्रयोजनको लागि प्रतिकेश वा कार्टुनमा निम्न बमोजिम परिमाणमा प्याकिङ्ग गर्नु पर्ने गरी तोकिएको छः**

१००० ML को ९ बोतल

७५० ML को १२ बोतल

५०० ML को १८ बोतल

३७५ ML को २४ बोतल

३०० ML को ३० बोतल

१८० ML को ४८ बोतल

९० ML को १०० बोतल

वाइन प्याकिङ्ग गर्दा कार्टुनमा ७५० एम.एल. साईजको १२ वोतल हुनुपर्छ ।

**५.१२.१५** उद्योगले अन्य size को बोतलमा मदिरा उत्पादन गर्न चाहेमा विभागको स्विकृती लिनु पर्दछ। तोकिएभन्दा फरक साइजमा प्याकिङ भएको मदिराको परिमाण तोकिएको परिमाणसंग विभक्त गर्दा वा गणना गर्दा मिल्नु पर्दछ । उदाहरणको लागि ९ लिटर मदिराको प्याकिङ्ग व्यवस्थामा १००० ml को ९बोतल, ७५० ml को १२ बोतल, ५०० ml को १८ बोतल भएको हुन पर्दछ।

**५.१२.१६** उत्पादन भएका प्रत्येक मदिरा तथा वाईनको वोतलवन्दी गरेपछि विभागले तोके बमोजिम प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी वा कार्टुनमा अन्तःशुल्क टिकट टाँसी गोदाममा भण्डारण गर्नु पर्नेछ ।

**५.१३ मूल्य खुलाउनु पर्नेः**

- उत्पादकले वितरक, थोक तथा खुद्रा विक्रेतालाई बिक्री गर्ने मूल्य राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक गर्नु पर्छ।
- मदिराजन्य पदार्थको प्रत्येक बोतलमा अधिकतम खुद्रा मूल्य उल्लेख गरी मात्र निष्काशन गर्नु पर्दछ।
- मदिरा, वियर र चुरोट उद्योगहरु र तिनका बिक्रेताहरुले कुनै पनि प्रकारका उपहार कार्यक्रम संचालन गर्न वा त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन। यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लंघन गरेको मानिनेछ।

### ५.१४ ब्राण्ड, आकार र गुणस्तरमा परिवर्तनः

मदिराको आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयां ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनु पर्दछ।

### ५.१५ निरीक्षण पुस्तिका राख्नु पर्नेः

मदिरा उत्पादन गर्ने डिष्टिलरी/उद्योगमा तोकिए अनुसारको निरीक्षण पुस्तिका राख्नु पर्छ।

### ५.१६ मदिराको निष्काशन गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधिः

- उत्पादन भएको सबै प्रकारको मदिरा निष्काशन गर्नु भन्दा अगाडि गोदाममा राखिएको हुनुपर्दछ।
- मदिरा निष्काशन अनुमतिका लागि सम्बन्धित इकाई कार्यालयमा निवेदन दिनुपर्दछ।
- मदिरा निष्काशन गर्दा दाखिला गर्नुपर्ने अन्तःशुल्क रकम अग्रिम दाखिला गरी दाखिला गरेको भौचर वा रसिद समेत संलग्न गर्नुपर्दछ। कारखानाबाट मदिरा निष्काशन गर्नु अगाडि सवै प्रकारको कर राजस्व चुक्ता गरिसकेको हुनु पर्दछ।
- अन्तःशुल्क निरीक्षकबाट जांच गरिएको निष्काशनको निवेदन र अग्रिम दाखिला गरेको अन्तःशुल्क रकम सहितको विवरण अन्तःशुल्क अधिकृतबाट स्वीकृति गराउनु पर्दछ।
- निष्काशनको स्वीकृति प्राप्त भएपछि चार प्रति निष्काशन फाराम भरी कारखाना धनी वा निजको प्रतिनिधि, अन्तःशुल्क निरीक्षक र अन्तःशुल्क अधिकृतबाट निष्काशन फाराम प्रमाणित गराई निष्काशन गर्नु पर्दछ। पेश भएको फाराम मध्ये पहिलो प्रति सम्बन्धित खरिदकर्तासंग निष्काशन भएको वस्तु साथै पठाउने, दोश्रो प्रति वस्तु निष्काशन गर्ने प्रतिष्ठानसँग सम्बन्धित कार्यालयमा पठाउने तेश्रो प्रति इकाई कार्यालयमा र चौथो प्रति सम्बन्धित विक्रेता वा प्रतिष्ठानमा राख्नु पर्दछ।
- निष्काशन हुन लागेको मदिराको बोतलमा अन्तःशुल्क स्टिकर टाँस भए/नभएको यकिन गर्नु पर्दछ।
- निष्काशन भएको मदिराको विवरण तोकिए वमोजिमको खातामा चढाई मौज्दात अद्यावधिक राख्नु पर्दछ ।

### ५.१७ मदिराको विक्री वितरण सम्बन्धी व्यवस्थाः

- उत्पादक, वितरक र थोक विक्रेताले इजाजतपत्र प्राप्त गरेको व्यक्ति/फर्म वा प्रतिष्ठानलाई मात्र मदिरा बिक्री गर्नु पर्दछ।
- मदिरा खरिद/बिक्री गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रमा उल्लेखित शर्तको अधिनमा रहेर मात्र खरिद/बिक्री गर्नु पर्दछ।
- विदेशबाट पैठारी गरिएको विदेशी मदिरा खरिद/बिक्री गर्नेले मदिरा खरिद गरेको श्रोत खुलाउनु पर्दछ र अन्तःशुल्क अधिकृतले आकस्मिक जांच गर्दा खरिद बिक्रीको पुष्ट्याई गर्नु पर्दछ।
- कर मुक्त लेखिएको मदिरा स्वीकृति प्राप्त गरी खोलिएको कर मुक्त पसल वा वण्डेड वेयर हाउस वाहेक अरुले त्यस्तो मदिरा बिक्री गर्न पाउने छैन।
- मदिराजन्य वस्तुको कारोबार गर्नेले मदिरा विक्री वितरण नियमन सम्बन्धी व्यवस्था पूर्ण रुपले पालना गर्नु पर्नेछ।

**५.१८ अन्तःशुल्क लाग्ने वस्तु मदिरा, चुरोट तथा सूर्तिजन्य पदार्थको उत्पादकको हकमा नयां उद्योगले अन्तःशुल्क इजाजतपत्र लिनु पूर्व देहायका कुराहरु पूरा गरेको हुनु पर्दछः**

- कारखानासम्म पुग्ने मोटरबाटो हुनुपर्ने ।
- कारखानाभवन पक्की हुनुपर्ने ।
- कारखाना परिसर वरिपरी कम्पाउण्डवाल लगाइएको हुनुपर्ने ।
- मीलमेशिनरी जडान भएको हुनुपर्ने ।
- कच्चापदार्थ सुरक्षित राख्ने गोदाम घरको व्यवस्था हुनुपर्ने ।
- अर्ध तयारी वस्तु सुरक्षित राख्ने गोदाम घरको व्यवस्था हुनुपर्ने ।
- तयारी वस्तु सुरक्षित राख्ने गोदाम घरको व्यवस्था हुनुपर्ने ।
- उत्पादन प्रक्रियास्थल र कच्चा एवम तयारी पदार्थ राख्न अलग अलग ठाउँको व्यवस्था गरिएको हुनुपर्ने।
- कारखानाको मूल ढोकामा ताल्चा साँचो लगाउने प्रबन्ध मिलाइएको हुनुपर्ने ।
- उत्पादन स्थलमा अनाधिकृत व्यक्ति जान नमिल्ने व्यवस्था गरिएको हुनुपर्ने ।
- वस्तु उत्पादन गर्ने र निष्कासन गर्नको लागि छुट्टाछुट्टै व्यवस्था मिलाइएको हुनुपर्ने ।
- अन्तःशुल्क निरीक्षक बस्नको लागि फर्निचर सहितको घर वा कोठा छुट्टयाइएको हुनुपर्ने ।
- उद्योग,प्रतिष्ठान मन्दिर, मठ,मस्जिद, स्कूल, कलेज एवं अस्पतालबाट कम्तिमापनि २०० मिटर टाढा हुनुपर्ने
- अन्तःशुल्क, आयकर, मूल्य अभिबृद्धि कर लगायत सबै प्रकारका शुल्क, दस्तुर चुक्ता गरेको, कुनै पनि प्रकारको कर बाँकी नभएको प्रमाण पेश भएको हुनुपर्ने ।
- उद्योग प्रतिष्ठानको उत्पादनस्थल, कच्चापदार्थ राख्ने गोदाम, तयारी पदार्थ राख्ने गोदाम, निष्कासन गर्ने ठाउंमा अनिवार्य रुपमा **IP Camera**जडान र प्रयोग भएको हुनुपर्नेछ । **IP Camera**बाट सम्पादनहुने श्रब्य दृष्यको १५ दिनसम्मको रेकर्ड राखिएको हुनुपर्नेछ ।यसमाआन्तरिक राजस्वकार्यालयको पहुँच सुनिश्चित गरिएको हुनुपर्नेछ ।

**उत्पादन इजाजत लिंदा विभागमा देहाय अनुसारका कागजातहरूको प्रतिलिपी पेश गर्नुपर्दछः**

- स्थायी लेखा नम्बर प्रमाणपत्र
- मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र
- नवीकरण गरेको अन्त:शुल्क इजाजतपत्र
- उद्योग दर्ता प्रमाणपत्र
- कम्पनी भएमा प्रबन्धपत्र तथा नियमावली
- उद्योग विभागबाट प्राप्त ट्रेडमार्क दर्ता प्रमाणपत्र वा औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित गर्ने निर्णय भएको जानकारी पत्र
- उत्पादन इजाजत जारी गर्दा यकिन गर्नुपर्ने विषय र क्षेत्र पुरा गरेको कार्यालयको प्रतिवेदन
- कुनै प्रकारको बाँकी बक्यौता नभएको उल्लेख भएको कार्यालयको पत्र
- कार्यालयको सिफारिस पत्र

**५.१९ चुरोट उत्पादन, प्याकिङ्ग तथा विक्री वितरणः**

- चुरोट वनाउनको निमित्त प्रतिष्ठानमा झिकाइएको सबै प्रकारका स्वदेशी र विदेशी सूर्तीको हिसाव तथा विवरण राखी कारखाना प्रमुख वा निजले तोकेको अधिकृतबाट प्रमाणित गराई राख्नु पर्दछ।
- चुरोट वनाउन प्रयोग गरिएको सूर्तीको हिसाव राखी कारखाना प्रमुख वा निजले तोकेको अधिकृतबाट प्रत्येक दिन जंचाई प्रमाणित गराई राख्नु पर्दछ।

- नयाँ चुरोट उत्पादन गर्दा विभिन्न प्रकारको चुरोट वनाउन प्रयोग गरिने स्वदेशी तथा विदेशी सूर्तीको अनुपात खुलाई विभागबाट स्वीकृति लिई राख्नु पर्दछ।
- तयारी चुरोटका बट्टाहरुलाई कागजको ठूलो कार्टुनमा बन्द गरी दैनिक बन्द गरिएको चुरोटको बट्टा संख्या, कार्टुनको सिलसिलेवार नम्बर र बन्द गरिएको मिति समेत कार्टुनमा स्पष्ट देखिने व्यवस्था गरी गोदाममा राख्नु पर्दछ।

**चुरोटका बट्टाहरु निम्नानुसार प्याकिङ्ग गर्नु पर्दछः**

- बट्टामा १० खिल्ली वा २० खिल्ली चुरोट राखी प्याकिङ्ग गरिएको हुनुपर्दछ । बट्टालाई आउटरमा प्याकिङ्ग गर्दा १ आउटर प्याकमा १० बट्टा वा २० बट्टा राखिएको हुनुपर्दछ ।
  तर, ८४ एम. एम. भन्दा माथिको चुरोटको हकमा १० वा २० खिल्ली जे भए पनि १ आउटर प्याक (Outer Pack) मा १० वट्टा चुरोट हुनु पर्छ ।
- ८४ एम.एम.भन्दा बढी लम्बाई भएको चुरोट '५' एम (M) मा प्याकिङ्ग गर्नुपर्दछ ।
- अन्य प्रकारका सबै चुरोट १० एम (M) मा प्याकिङ्ग गर्नुपर्दछ ।
- १ एम (M) मा १००० खिल्ली चुरोट हुनुपर्दछ ।
- चुरोटको उत्पादन मिति, व्याच नम्बर, इजाजतपत्रवाला उत्पादक वा पैठारीकर्ताको नाम, ठेगाना र ट्रेडमार्क आउटरमा लेख्नु पर्दछ । साथै, प्रत्येक आउटरमा देवनागरी लिपीमा (**सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ**) भनी उल्लेख गर्नु पर्नेछ ।
- आउटरको अधिकतम खुद्रा मूल्य खुलाउनु पर्नेछ ।

### ५.२० निष्काशन प्रकृया :

- उत्पादित चुरोट तोकिएको गोदाम प्रवेश गराएर मात्र निष्काशन गर्नु पर्दछ।
- चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट टाँस गरेर मात्र निष्काशन गर्नु पर्दछ।
- विकी गर्नु अगाडि निष्काशन माग फाराम भरी तोकिएको राजस्व दाखिला गरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट जांच परीक्षण गराई मात्र निष्काशन गर्नु पर्दछ।

### ५.२१ सूर्तीजन्य पदार्थ (चुरोट / विँडीबाहेक) को उत्पादन तथा विक्री वितरणः

- उत्पादक वा पैठारीकर्ताले उत्पादन वा पैठारी गरेको वस्तु प्याकिङ्ग गर्ने बाहिरी आउटर (पोका) बनाउनु पर्दछ ।उक्त पोकामा प्याकिङ्ग मेटेरियल समेतको खैनी वा चुना मिलाई खाने प्याकिङ्ग गरिएको सूर्तीको ४०० ग्राम र गुट्खा, पानमसला, सुगन्धित सुपारी आदिको १५० ग्राम कूल तौल (Gross Weight) हुने गरी प्याकिङ्ग
- गरिएको हुनु पर्दछ।
- नेपालभित्र उत्पादन वा पैठारी गरी बिक्री वितरण गर्ने पानमसला, गुट्खा, खैनी, सूर्तीजस्ता सूर्तीजन्य पदार्थको प्रत्येक पाउचमा देवनागरी लिपीमा **"सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ"** भनी मुद्रण गरिएको हुनु पर्दछ।
- आफ्नो उत्पादनमा लेबुल, ट्रेडमार्क चिन्ह, निकोटिनको मात्रा र अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु उल्लेख गर्नु पर्दछ।
- प्याकेट वा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिकमको लोगो, चिन्ह वा शब्द राख्न पाइदैंन।
- अन्य उद्योग वा उत्पादकको ब्राण्ड तथा ट्रेडनाम राखी सूर्तीजन्य पदार्थ उत्पादन गर्न पाईदैंन।
- सूर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकिङ्गमा र लेवलको बाहिरी भागमा **"सूर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ"** भन्ने जस्ता नेपाल सरकारले तोके बमोजिम चेतावनीमूलक

सन्देश र सूर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रुपमा बुझिने र देखिने गरी देवनागरी लिपीमा छाप्नु पर्दछ।

- मापदण्ड पूरा नभएको सूर्तीजन्य पदार्थ आयात गर्न पाइँदैन।

## ५.२२ सूर्तीजन्य पदार्थको (चुरोट/बिँडी बाहेक) निर्यात

१. उद्योगले वस्तु निर्यातको लागि देहायका विषयहरु खुलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिनु पर्नेछ।

- निर्यात गरिने भंसार विन्दुको नाम
- निर्यात गरिने वस्तुको परिमाण, बिक्री र अन्तःशुल्क रकम,
- निर्यात गरि सक्ने अवधि,
- निर्यात कर्ता र आयात कर्ता बीचको खरिद बिक्री सम्झौता,
- निर्यात कर्ताको लागि खोलिएको प्रतीत पत्रको प्रतिलिपी वा भुक्तानीको तरिका खुल्ने कागजात।

२. निर्यात गरिने सूर्तीजन्य पदार्थ लोड गरी कन्टेनरमा सीलछाप गरी सो को जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय र भन्सार कार्यालयमा दिनु पर्दछ ।

३. निर्यात गरेको वस्तुको निकासी प्रज्ञापनपत्रको प्रतिलिपीसहित ३ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा जानकारी गराउनु पर्दछ।

४. निर्यात गर्नु गराउनु पूर्व उद्योगले तिर्नु पर्ने अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा आय कर बाँकी बक्यौता रहेको हुनु हुँदैन।

५. उद्योगबाट निष्काशन गरेको वस्तु मनासिव कारण वेगर निर्यात गरेको नपाइएमा त्यस्तो वस्तुमा अन्तःशुल्क निर्धारण गरी लाग्ने अन्तःशुल्क तथा विलम्ब दस्तुर असूल गरी अन्तःशुल्क दवाए, छिपाएको वा छलेको कसूर मानी कारवाही हुन्छ।

६. निर्यात हुने मालवस्तुको पाउच (पोका) वा लेवलमा **"निकासीको लागि मात्र (For Export Only)"** भन्ने वाक्यांश लेखिएको हुनु पर्दछ।निर्यात हुने उत्पादनको हकमा **"सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ"** भन्ने स्वास्थ्य सम्बन्धी सन्देश अन्य लिपीमा मुद्रण गरिए पनि हुन्छ।

## ५.२३ सूर्तीजन्य पदार्थको पाउच/आउटरमा खुलाउनु पर्ने विवरणहरु :

### ५.२३.१.पाउचमा :

- उत्पादक वा पैठारी कर्ताको नाम, ठेगाना, ट्रेडमार्क (ब्राण्ड नाम), वस्तुको कूल तौल तथा न्युनतम रुपमा वर्ष र महिना खुल्ने उत्पादन मिति उल्लेख गर्नु पर्दछ।
- नेपालभित्र उत्पादन हुने वा पैठारी गरी बिक्री वितरण गरिने सूर्तीजन्य पदार्थको प्रत्येक पाउचमा देवनागरी लिपीमा **(सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ)** भनी मुद्रण गरिएको हुनुप र्दछ।तर निर्यात हुनेउ त्पादनको हकमा अन्यलिपीमा मुद्रण गरिए पनि हुने।
- अधिकतम खुद्रा मूल्य खुलाउनु पर्नेछ।
- यस व्यवस्थाको उल्लंघन गरेमा अनुमतिपत्रको शर्त उल्लंघन गरेको मानिनेछ।

### ५.२३.२ आउटरमा:

- सामानको उत्पादन मिति (न्युनतम रुपमा वर्ष र महिना खुलाए पुग्ने) इजाजतपत्रवाला उत्पादक वा पैठारीकर्ताको नाम, ठेगाना, ट्रेडमार्क (ब्राण्ड नाम) र वस्तुको कूल तौल।

- नेपालभित्र उत्पादन हुने वा पैठारी गरी बिक्री वितरण गरिने सुर्तीजन्य पदार्थको प्रत्येक पाउचमा देवनागरी लिपीमा **(सूर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ)** भनी मुद्रण गरिएको हुनु पर्दछ। तर निर्यात हुने उत्पादनको हकमा अन्य लिपिमा मुद्रण गरिए पनि हुन्छ।
- अधिकतम खुद्रा मूल्य खुलाउनु पर्दछ।
- सूर्तीजन्य पदार्थ ओसार पसारमा प्रयोगका लागि प्याकिङ्ग गर्ने बोरामा वा काटुनमा उद्योगको नाम, ठेगाना, ट्रेडमार्क तथा वस्तुको कूल तौल छापिएको हुनु पर्दछ।

### ५.२४ अन्तःशुल्क टिकट लगाउने तथा निष्काशन गर्ने तरिकाः

- खैनी र चुना मिलाई खाने प्याकिङ्ग गरिएको सूर्तीमा ४०० ग्राम कूल तौल भएको सूर्ती वा खैनीको हरेक आउटर तथा १५० ग्राम कुल तौल भएको पानमसला, गुट्खा, पानपराग, सुगन्धित सुपारी आदिको हरेक आउटरको सामान राख्ने तथा खोल्ने स्थानमा विभागले उपलब्ध गराएको एउटा अन्तःशुल्क टिकट टाँस गर्नु पर्दछ। उक्त आउटर खोल्दा लगाएको अन्तःशुल्क टिकट च्यातिने गरी लगाउनु पर्दछ।
- विक्री गर्नको निमित्त निष्काशन माग फाराम भरी तोकिए बमोजिमको राजस्व दाखिला गरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट जांच परीक्षण गराई मात्र निष्काशन गर्नु पर्दछ।

### ५.२५ अभिलेख व्यवस्थापन:

- उत्पादकहरुले देहाय अनुसारका खाता तथा कागजातहरुको अद्यावधिक अभिलेख राख्नु पर्दछ :
- उत्पादन तथा विक्री भएको दैनिक मौज्दातको विवरण (अनुसूची-४),
- कोरा मालको मौज्दात विवरण (अनुसूची-५),
- कोरा मालको खपत एवं चुरोट र विँडी उत्पादनको दैनिक विवरण। (अनुसूची-६),
- दैनिक प्याकिङ्ग रुमको विवरण (अनुसूची-७),
- गोदाममा रहेको चुरोटको दैनिक विवरण। (अनुसूची-८),
- चुरोट तथा बिँडीको निष्काशन माग फाराम ( अनुसूची-९),
- खरिद खाता (अनुसूची-४ग),
- विक्री खाता (अनुसूची-५),
- व्याच नियन्त्रण खाता (अनुसुचि-९क),
- स्वयं निष्कासन प्रणाली अर्न्तगतका प्रतिष्ठानका लागि अन्तःशुल्क विवरण फाराम - अनुसूची - ४ङ
- सूर्तिजन्य पदार्थ तथा भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि अन्तःशुल्क विवरण फाराम- अनुसूची - ४च.
- वीजकको ढाँचा — अनुसूचि १३
- आफूले जारी गरेका तथा प्राप्त गरेका विजकहरु,
- व्यापार लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख,
- आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरु,
- विभागले तोकेका अन्य कागजातहरु।

## ६. अन्तःशुल्क असूली र दाखिला प्रक्रियाः

आन्तरिक राजस्व परिचालनमा अन्तःशुल्कको अत्यन्तै महत्वपूर्ण योगदान रहेको छ। सामान्यतया अन्तःशुल्क आन्तरिक उत्पादन र पैठारीमा लाग्ने कर हो। अन्तःशुल्क ब्यवस्थामा भौतिक निष्कासन प्रणाली अन्तर्गत लाग्ने अन्तःशुल्क दाखिला गरी माग फारम स्विकृत गराएर मात्र वस्तु निष्कासन गर्न पाइने हुँदा सामान्यत अन्तःशुल्क

रकम वक्यौता रहदैन तर स्वयमं निष्कासन प्रणाली अन्तर्गत अन्तःशुल्क रकम भने वाँकी रहन सक्दछ ।अन्तःशुल्क ऐन, नियम, वमोजिम वुझाउनु पर्ने अन्तःशुल्क रकम नबुझाएमा वा तिर्नु पर्ने रकम भन्दा घटी वुझाएको देखिएमा तथा कर प्रशासनवाट अन्तःशुल्क निर्धारण भएको रकम म्याद भित्र कुनै व्यक्तिले दाखिला नगरेमा पनि वक्यौता रहन सक्दछ।

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क बुझाउने दायित्व भएका व्यक्तिवाट अन्तःशुल्क दाखिला गराउन दुईवटा प्रक्रिया निश्चित गरेको छ। पहिलो प्रक्रिया अन्तर्गत करदाता आफैंले म्यादभित्र अन्तःशुल्क दाखिला गर्ने हो भने दोस्रो प्रक्रिया अन्तर्गत कर प्रशासनले दाखिला गर्न लगाउने वा असूलउपर गर्ने नै हो। अन्तःशुल्कको असुली, दाखिला तथा वक्यौता असुली सम्वन्धमा निम्न वमोजिमको ब्यबस्था रहेकोछ।

### ६.१ अन्तःशुल्क असुली ब्यवस्थाः

- भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानवाट उत्पाद नगरी विक्रीको लागि निष्कासन गर्दाकै समयमा,
- स्वयं निष्कासन प्रणालीमा आधारित वस्तु तथा सेवाको हकमा बिजक जारी गर्दाकै समयमा,
- पैठारी हुने वस्तुको हकमा भंसार विन्दुमा,
- पैठारी हुने सेवाको हकमा आन्तरिक राजस्व विभागद्वारा तोकिए वमोजिम,
- कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदा नगरेको अवस्थामा नै अन्तःशुल्क असूल गर्न पर्ने गरी बिभागले तोक्न सक्ने ।

### ६.२ अन्तःशुल्क असूल गर्ने निकायहरुः

- आन्तरिक उत्पादनहुने बस्तु तथा सेवाको हकमा उत्पादक प्रतिष्ठान,
- पैठारी हुने बस्तु तथा सेवाको हकमा भंसार कार्यालय,
- अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने बस्तु तथा सेवाको इजाजतपत्र दस्तुर तथा नबिकरण दस्तुर र बक्यौता अन्तःशुल्क आन्तरिक राजस्व कार्यालयहरु वा करदाता सेवा कार्यालयहरु र यी दुबै निकाय नभएका जिल्लामा कोष तथालेखा नियन्त्रक कार्यालय ।

### ६.३ अन्तःशुल्क दाखिला गर्ने म्यादः

- भौतिक नियन्त्रण प्रणालीमा आधारित बस्तुको हकमा त्यस्तो बस्तु निष्कासन गर्दाकै अवस्थामा अन्तःशुल्क रकम दाखिला गर्नुपर्ने,
- भौतिक नियन्त्रण प्रणाली अन्तर्गत उल्लेखित वस्तुहरु वाहेकका अन्य स्वयं निष्कासन प्रणाली अन्तर्गतउ त्पादन तथा विक्री वितरण हुने बस्तु तथा सेवाको हकमा विजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क रकम दाखिला गर्नुपर्ने,
- पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपाल प्रवेश गर्दाकै समयमा भन्सार विन्दुमा,
- पैठारी हुने सेवाको हकमा आन्तरिक राजस्व विभागले तोके वमोजिम हुने।

### ६.४ अन्तःशुल्क वुझाउने दायित्वः

- नेपालभित्र उत्पादन हुने वस्तु तथा सेवाको हकमा उत्पादकको,
- पैठारी हुने वस्तुको हकमा पैठारी कर्ताको,
- अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्तिको,
- कर मुक्त पसल (ड्युटिफ्रि सप) वाट विक्री भएको मदिरा वा चुरोट वाहेकका वस्तु पुनः विक्री वा प्रयोग गरेमा, पुनःविक्री वा प्रयोग गर्ने व्यक्तिको,

- कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थावाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्तिको,
- उपर्युक्त वमोजिम वाहेक अन्य अवस्थामा आन्तरिक राजस्व विभागले तोकेको व्यक्तिको

**६.५ विलम्ब शुल्क लाग्नेः**

» स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा विक्री वितरण हुने वस्तु वा सेवाको हकमा विजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क नबुझाएमा बुझाउन वॉकी अन्तःशुल्क रकममा प्रतिदिन शून्य दशमलव शून्य पांच प्रतिशतको दरले विलम्ब शुल्क लाग्ने।

»कर प्रशासनवाट अन्तःशुल्क निर्धारण भएको अवस्थामा तथा तिर्नु पर्ने अन्तःशुल्क रकम भन्दा घटी बुझाएको देखिएमा र म्याद भित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम नवुझाएमा, बुझाउन वॉकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने।

**६.६ किस्तावन्दीमा तिर्ने व्यवस्थाः**

कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्तावन्दीमा बुझाउन पाउँ भनि लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्तावन्दीमा बुझाउने अनुमती दिन सकिनेछ।

**६.७ बक्यौता अन्तःशुल्कको असूली प्रक्रियाः**

म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क नवुझाएमा देहायका कुनै वा सवै तरिका अपनाई असुल उपर गर्न सकिने व्यवस्था रहेको छः

- अन्तःशुल्क बक्यौता रकमलाई सरकारी वॉकी सरह असूल उपर गर्न सकिने,
- वक्यौता राख्ने व्यक्तिलाई फिर्ता गर्नु पर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर, उदाहरणको लागि **क** भन्ने व्यक्तिले अन्तःशुल्क वुझाउन वाँकी राखेको रहेछ, र निजलाई नेपाल सरकारले कुनै रकम फिर्ता गर्नु पर्ने अवस्था आएमा सो वक्यौता रकम कट्टी गरी दाखिला गराउन सकिन्छ।
- बक्यौता राख्ने व्यक्तिलाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था, प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय तहबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,
- बक्यौता राख्ने व्यक्तिको बैंक/ वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानी भए सो वाट कट्टा गर्न लगाएर, उदाहरणको लागि **क** भन्ने व्यक्तिले अन्तःशुल्क बुझाउन बाँकी राखेको रहेछ। निज **क** भन्ने व्यक्तिको कुनै बैंकको खातामा पर्याप्त रकम रहेको जानकारी नेपाल सरकारलाई हुन आएमा सम्वन्धित बैंकलाई अनुरोध गरी निजकको खातावाट वक्यौता अन्तःशुल्क रकम कट्टी गरी असूल उपर गराउन सकिन्छ।
- वक्यौता राख्ने व्यक्तिको विक्री, निकासी, पैठारी र अन्य ब्यवसाय रोक्का गरेर,
- बक्यौता राख्ने व्यक्तिको चल तथा अचल सम्पत्ति कब्जा गरेर,
- वक्यौता राख्ने व्यक्तिको चल तथा अचल सम्पत्ति सम्पूर्ण वा केहि एकै पटक वा पटक पटक गरी लिलाम विक्री गरेर,
- वक्यौता राख्ने व्यक्तिको मौज्दातमा रहेको वस्तु लिलाम गरेर।

**६.८ दण्ड, सजाय तथा जरिवानाः**

- तिर्नु पर्ने अन्तःशुल्क दवाएमा, छिपाएमा वा छलेमा, इजाजतपत्र नलिईं अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,
- झुट्टा लेखा वा किर्ते कागज तयार गरी ऐन विपरित कुनै कसूर गरेमा

- अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, ओसार पसार गरेमा वा भण्डारण गरेमा कसूरको निमित्त विगो जफत गरी विगो वमोजिम दुई सय प्रतिशत जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

- स्वयं निष्कासन प्रणाली अन्तर्गतका बस्तु उत्पादन तथा सेवा बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असूल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शत प्रतिशत रकम जरिवाना लाग्नेछ।

### ६.९ अन्तःशुल्क रकम दाखिला गर्ने राजस्व शीर्षकहरु:

अन्तःशुल्क रकम बैंकमा दाखिला नभएसम्म अन्तःशुल्क बुझाएको मानिदैन। अन्तःशुल्क रकम निम्न राजस्व शीर्षकहरुमा दाखिला गर्नु पर्दछ।

| राजस्व संकेत | राजस्व शीर्षकको नाम | व्याख्या |
|---|---|---|
| ३३३३१ | अन्तःशुल्क – सुर्तीजन्य पदार्थ | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |
| ३३३३२ | अन्तःशुल्क – मदिरा | मदिरा(वाइन र हल्का पेय पदार्थ समेत) को उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |
| ३३३३३ | अन्तःशुल्क – बियर | बियर उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |
| ३३३३४ | अन्तःशुल्क – अन्य औद्योगिक उत्पादन | माथि उल्लेखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेका बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |

**नोटः** स्वयं निष्कासन प्रणली अन्तर्गत उत्पादन तथा बिक्री बितरण हुने बस्तुहरुको अन्तःशुल्क रकम प्रतिष्ठानको मुख्य कार्यालय दर्ता रहेको सन्वन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्ने ब्यवस्था रहेको छ।

# अनुसूचीहरुः

## अनुसूची-४

(अन्तःशुल्क नियमावलीको नियम १२ संग सम्बन्धित)

<u>उत्पादन तथा बिक्री भएको दैनिक मौज्दातको हिसाब</u>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| *स्थायी लेखा नम्बर* | | | | | | | | | |
| *अन्तःशुल्क इजाजत नम्बर* | | | | | | | | | |

**इजाजतपत्रवालाको नाम र ठेगानाः ......................................................**

| मिति | मालको विवरण | अघिल्लो दिनको बाँकी मौज्दात | दिन भरीमा भएको उत्पादन | जम्मा मौज्दात | विक्रीको | | | बाँकी मौज्दात | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | अन्तःशुल्क दर | जम्मा अन्तःशुल्क | परिमाण | अन्तःशुल्क | जम्मा अन्तःशुल्क | |
| | | | | | | | | | | | |

अनुसूची -४ ग

( अन्तःशुल्क नियमावलीको नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

खरिद खाता

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजत नम्बर | | | | | | | | | |

खरिद भएको अवधिः महिना ... ... ... ...साल ... ... ......

| वीजक | | | | जम्मा खरिद मूल्य | अन्तःशुल्क नलाग्ने | अन्तःशुल्क योग्य खरिद | | अन्तःशुल्क योग्य पैठारी | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | वीजक नम्बर | आपूर्तिकर्ता को नाम | आपूर्तिकर्ता को नम्बर | | खरिद मूल्य | मूल्य | अन्तः शुल्क (रु) | मूल्य | अन्तः शुल्क (रु) |
| | | | | | | | | | |
| | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

नोटः यदि इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर खरिद खातासँग समायोजन गरी तयार गर्न सकिने छ ।

अनुसूची-४घ

(अन्तःशुल्क नियमावलीको नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)

बिक्री खाता

स्थायी लेखा नम्वर अन्तःशुल्क इजाजत नम्वर

बिक्री भएको अवधिः महिना .................. साल ....................

| वीजक | | | | जम्मा बिक्री | | निकासी | अन्तःशुल्क योग्य बिक्री | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | वीजक नम्बर | खरिदकर्ता को नाम | खरिदको दर्ता नम्बर | परिमाण | मूल्य | | मूल्य | अन्तः शुल्क (रु) |
| | | | | | | | | |
| | | | | | | | | |
| कूल जम्मा | | | | | | | | |

## अनुसूची-५

(अन्तःशुल्क नियमावलीको नियम १४ को खण्ड (क) संग सम्बन्धित)

**कोरा मालको मौज्दात विवरण**

पृष्टाङ्कः–

इजाजतपत्रवालाको नाम र ठेगाना –..............................

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्थायी लेखा नम्बर** | | | | | | | | | |
| **अन्तःशुल्क इजाजत नम्बर** | | | | | | | | | |

| मिति | मालको विवरण | अघिल्लो बांकी परिमाण | आज आएको परिमाण | जम्मा | चुरोट/बिँडी बनाउनलाई झिकिएको परिमाण | बांकी | कारखाना धनी/ प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची-६

(अन्तःशुल्क नियमावलीको नियम १४(ख) संग सम्बन्धित)

**कोरा मालको खपत र चुरोट/बिँडी उत्पादनको दैनिक विवरण**

पृष्टाङ्कः–

इजाजतपत्रवालाको नाम र ठेगाना –...............................

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्थायी लेखा नम्बर** | | | | | | | | | |
| **अन्तःशुल्क इजाजत नम्बर** | | | | | | | | | |

| मिति | अघिल्लो बांकी सुर्ती | आज लिएको सूर्ती | जम्मा | आजको उत्पादन मा खर्च भएको | नोक्सानी भएको | बांकी रहन गएको सूर्ती | चुरोट/बिँडी उत्पादनको परिमाण | इजाजतपत्रवाला वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसूची-७

(अन्तःशुल्क नियमावलीको नियम १४ को खण्ड (ङ) संग सम्बन्धित)

**दैनिक प्याकिङ्ग रुमको विवरण**

इजाजतपत्रवालाको नाम र ठेगानाः.........................................

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्थायी लेखा नम्बर** | | | | | | | | | |
| **अन्तःशुल्क इजाजत नम्बर** | | | | | | | | | |

| मिति | अघिल्लो बाकि बट्टा र पैकेज संख्या | आज प्राप्त हुन आएको संख्या | जम्मा | गोदाम घरमा गएको पैकेज क्रम र परिमाण | | बाँकी | इजाजतपत्र वालाको वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पैकेज सिरियल नम्बर | परिमाण | | | |
| | | | | | | | | |

## अनुसूची–८

(अन्तःशुल्क नियमावलीको नियम १४ को खण्ड (ङ) संग सम्बन्धित)

**गोदाममा रहेको चुरोटको दैनिक विवरण**

पृष्टाङ्कः–

इजाजतपत्रवालाको नाम र ठेगाना ः–..............................

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्थायी लेखा नम्बर** | | | | | | | | | |
| **अन्तःशुल्क इजाजत नम्बर** | | | | | | | | | |

| मिति | मालको विवरण | अघिल्लो बांकी मौज्दात | प्याकिङ्ग रुमबाट गोदाम घरमा आएको | | जम्मा | निकासी भएको पैकेजको चिन्ह र संख्या | बांकी | अन्तःशुल्क दर | | इजाजतपत्रवाला वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पैकिङ रुम संख्या | चुरोटको संख्या | | | | दर | जम्मा | | |
| | | | | | | | | | | | |

## अनुसूची–९

(अन्तःशुल्क नियमावलीको नियम १४ को खण्ड (च) र नियम १५ को उपनियम (२) सँग सम्बन्धित )

**चुरोट तथा बिँडीको निष्काशन माग फाराम**

इजाजतपत्रवालाको नाम र ठेगाना ः—

आ.व

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **स्थायी लेखा नम्बर** | | | | | | | | | |
| **अन्तःशुल्क इजाजत नम्बर** | | | | | | | | | |

| क्रम संख्या | गोदाम घरको नं. र मिति | चुरोट/बिँडीको नाम र प्याकिङ्ग क्रम संख्या | परिमाण बट्टा, ग्रुस वा पोका | मूल्य | अन्तःशुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर (रु.) | अन्तःशुल्क(रु.) | |
| | | | | | | | |

१. जम्मा प्याकेजको संख्याः-

२. सामानको परिमाणः- निष्काशन माग गर्ने प्रतिनिधि/प्रवन्धकको

३. अन्तःशुल्क दरः- सहीः-

४. चुरोटको हकमा मात्रः— आवश्यक अन्तःशुल्क टिकट संख्याः- नामः-

कार्यालय प्रयोजनको लागि

१. निष्काशन माग गरेको परिमाणको जम्मा हुने अन्तःशुल्क रकम रु. ....................................भौ.नं./र.नं. ........... मिति ............. मा दाखिला छ र अन्तःशुल्क टिकट थान.................. को प्रति थान रु..................ले रु............................. दाखिला छ ।

अन्तःशुल्क कर्मचारीको/फाँटवालाको सहीः—

मितिः

२. उपरोक्त अनुसार दाखिला भएको तथा सिफारिसका आधारमा चुरोट/बिडी निष्काशन स्वीकृति दिइएको छ ।

अन्तःशुल्क अधिकृतको सहीः- मितिः-

## अनुसूची-९क

(अन्तःशुल्क नियमावलीको नियम १८ सँग सम्बन्धित)

**ब्याच नियन्त्रण खाता**

इजाजतपत्रवालाको नाम र ठेगाना ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

मौसम.. ... ... ... ... ... ... ... ... ... महिना... ... ... ... ... ... ... ... ... ... ... ...

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजत नम्बर | | | | | | | | | |

| सि.नं | (नाम, शक्ति र परिमाण) | उत्पादन मिति | ब्याच नं. | सिलसिलेवार नं. | | जम्मा बोतल थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

नोटः १. प्रत्येक ब्राण्डको नाम, यू.पी. शक्ति र एम एल खुल्ने गरी क्रमशः उल्लेख गर्नुपर्ने ।

३. यो खाता प्रत्येक दिनको स्पष्ट देखिने गरी राख्नुपर्ने ।

## अनुसूची - ४ङ

(नियम १३ग. सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**(सूर्तिजन्य पदार्थ बाहेक अन्य स्वयं निष्कासन प्रणाली अर्न्तगतका प्रतिष्ठानका लागि)**

**अन्तःशुल्क विवरण फाराम**

| वर्षः............महिनाः.... | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा ( ✔ ) चिन्ह लगाउनुहोस् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजत | | | | | | | | | |

नाम ______________________________________

ठेगाना______________________________________

वस्तु वा सेवाको नामः.......................................................अन्तःशुल्क दरः..............................................

यदि यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस । रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरि विवरण भर्नुहोला ।

| | कारोवार मूल्य | खरिदमा तिरेको अन्तःशुल्क | खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट | बिक्रीमा संकलन गरेको अन्तःशुल्क डेबिट |
|---|---|---|---|---|
| १. बिक्री | | | | |

| | | | | |
|---|---|---|---|---|
| १.१. अन्तःशुल्क योग्य बिक्री | | | | |
| १.२ निकासी | | | | |
| **२. खरिद /पैठारी** | | | | |
| २.१. अन्तःशुल्क योग्य कच्चा पदार्थ खरिद | | | | |
| २.२. अन्तः शुल्क योग्य अन्य पदार्थ खरिद | | | | |
| २.३. अन्तःशुल्क योग्य कच्चा पदार्थ पैठारी | | | | |
| २.४. अन्तः शुल्क योग्य अन्य पदार्थ पैठारी | | | | |
| २.५. छुट खरिद | | | | |
| २.६. छुट पैठारी | | | | |
| **३. अन्य** | | | | |
| ३.१. अन्य थपघट | | | | |
| ४. जम्मा | | | | |

५. डेबिट-क्रेडिट (+) वा (−):...............

६. गत महिनाको मिलन गर्न बाँकी क्रेडिट ...............................

७. कुल तिर्नु पर्ने अन्तः शुल्क रु.(५-६) :............................

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा): ............................................

९. कर अवधमिा प्रयोग गरिएका कागजातहरुको संख्याः..........................

| प्रकार | बीजकको शुरु संख्या | बीजकको अन्तिम संख्या | जम्मा बीजक संख्या |
|---|---|---|---|
| प्राप्त बीजक | | | |
| जारी गरिएको बीजक | | | |
| क्रेडिट नोट | | | |
| डेबिट नोट | | | |

म, ______________________(पुरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पुरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मिति :______________________

हस्ताक्षर : ___________________ पद : ________________

**कार्यालय प्रयोजनको लागि मात्र**

कम्प्यूटर दर्ता

मिति ......../....../...... ............................

अन्तःशुल्क अधिकृत

नोट : परिमाणको आधारमा अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।

**अनुसूची - ४च.**

(नियम १३ग. सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**(सूर्तिजन्य पदार्थ तथा भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि)**

**अन्तःशुल्क विवरण फाराम**

| वर्षः............महिनाः.... | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा ( ✔ ) चिन्ह लगाउनुहोस् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजत | | | | | | | | | |

नाम ________________________________________

ठेगाना ________________________________________

वस्तु वा सेवाको नामः.................................................... अन्तःशुल्क दरः.............................................

यदि यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस । रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरि विवरण भर्नुहोला ।

| | **कारोवार मूल्य** | **खरिदमा तिरेको अन्तःशुल्क** | **खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट** | **विक्रीमा संकलन गरेको अन्तःशुल्क डेविट** |
|---|---|---|---|---|
| **१. विक्री** | | | | |
| १.१. अन्तःशुल्क योग्य विक्री | | | | |
| १.२ निकासी | | | | |
| **२. खरिद /पैठारी** | | | | |
| २.१. अन्तःशुल्क योग्य कच्चा पदार्थ खरिद | | | | |
| २.२. अन्तः शुल्क योग्य अन्य पदार्थ खरिद | | | | |
| २.३. अन्तःशुल्क योग्य कच्चा पदार्थ पैठारी | | | | |
| २.४. अन्तः शुल्क योग्य अन्य पदार्थ पैठारी | | | | |
| २.५. छुट खरिद | | | | |
| २.६. छुट पैठारी | | | | |
| **३. अन्य** | | | | |
| ३.१. अन्य थपघट | | | | |
| ३.२ खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क क्रेडिट | | | | |
| ४. जम्मा | | | | |

५. डेविट-क्रेडिट (+) वा (−):..............

६. गत महिनाको मिलन गर्न बाँकी क्रेडिट ................................

७. कुल तिर्नु पर्ने अन्तः शुल्क रु.(५-६) (+) वा (−):............................

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा): ............................................

९. कर अवधमा प्रयोग गरिएका कागजातहरुको संख्या:..........................

| प्रकार | बीजकको शुरु संख्या | बीजकको अन्तिम संख्या | जम्मा बीजक संख्या |
|---|---|---|---|
| प्राप्त बीजक | | | |
| जारी गरिएको बीजक | | | |
| क्रेडिट नोट | | | |
| डेबिट नोट | | | |

म, ________________________(पुरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पुरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मिति :________________________

हस्ताक्षर : ____________________ पद : _________________

**कार्यालय प्रयोजनको लागि मात्र**

कम्प्यूटर दर्ता

मिति ........./....../...... .............................

अन्तःशुल्क अधिकृत

नोट : परिमाणको आधारमा अन्तःशुल्क लाग्ने बस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।

[१३]**अनुसूची १३**

(नियम ६ को उपनियम (४) र (५) तथा नियम २९क. सँग सम्बन्धित)

**कर विजकको ढाँचा**

विजक नं. : कारोबार मिति :

विक्रेताको नाम : विजक जारी भएको मिति :

ठेगाना : इमेल :

फोन नं.: वेभसाइट :

फ्याक्स नं. :

विक्रेताको दर्ता नं.: | | | | | | | | | |

क्रेताको नाम :

ठेगाना :

भुक्तानीको तरिका : नगद/चेक/ड्राफ्ट/अन्य

| सि.नं. | विवरण | परिमाण | प्रति एकाई मूल्य (रु.) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | जम्मा | |
| | | | अन्तःशुल्क प्रतिशत......../परिमाण.........का दरले रु. | |
| | | | कूल रकम | |
| | | | छुट | |
| | | | खुद रकम | |
| | | | ... ले मू.अ.कर | |
| | | | कूल जम्मा | |

**विक्रेताको सही**

**नोटः** यस सम्बन्धी थप जानकारीको लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ, आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरुका साथै कोष तथा लेखा नियन्त्रक कार्यालयमा सम्पर्क गर्न वा विभागको वेवसाईट **www.ird.gov.np** मा लग इन गर्न वा विभागमा सञ्चालित call center को टोल फ्रि नं. १६६००१४०००० मा फोन गर्न अनुरोध छ। साथै यस विभागको आधिकारिक फेसबुक र ट्विटर पेजवाट समेत थप जानकारी प्राप्त गर्न सकिन्छ ।

स्लोगान

**अन्तःशुल्क लाग्ने वस्तु, सेवाको कारोबार गर्न अगाडी अन्तःशुल्क ईजाजत लिन नर्बिसौं ।**

**कुनै पनि सामान खरिद बिक्री गर्दा विल लिने दिने बानी बसालौं ।**

**१८ वर्ष नपुगेका बालबालिकाहरुलाई मदिरा तथा सुर्ति जन्य वस्तु वेचविखन नगरौं ।**

आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं फोन नं. ०१४४१५८०२, ४४१५८०३

**पुनश्चः यो पुस्तिकामा उल्लेख भएको कुनै विषय प्रचलित कर कानुन तथा निर्देशिकासंग बाझिन गएमा प्रचलित कर कानुन तथा निर्देशिका बमोजिम नै हुनेछ ।**